# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि राष्ट्रको मेरुदण्डशिक्षा हो । शिक्षाले नै मानिसको चेतनाको विकास गराँउछ । शिक्षाले व्यक्ति, समाज र राष्ट्रकै विकासमा सहयोग पु¥याउँछ । शिक्षाले समाज तथा राष्ट्रकै आवश्यकता पूरा गर्ने  खालको भएमा मात्र शिक्षा स्वीकार्य हुनजान्छ । यसप्रकार समाजको शिक्षा प्रतिको आवश्यकता पूरा गर्न समाजको केन्द्रविन्दुमा रहने गरी शैक्षिक संस्थाको स्थापना र विकास गरेका हुन्छन्, जसलाई नै विद्यालय भनिन्छ ।समाज र विद्यालयको सम्बन्ध घनिष्ठ हुन्छ । समाजको आवश्यकता अनुरुप तोकिएको शैक्षिक प्रणाली अनुसारको शिक्षाा विद्यालयले प्रदान गर्ने गर्दछ । तसर्थ समाज समय अनुसार परिवर्तन हुँदैं जाँदा विद्यालयको शिक्षामा समेत परिवर्तन हुने गर्दछ । त्यसकारण विद्यालयलाई समाजको एक सानो रुपमा लिने गरिन्छ (पौडेल, २०६४)।

समाजको विकास संगै शिक्षाको शुरुवात र विकास हुँदैं गयो । शिक्षा विकासको क्रममा स्वभाविक रुपले प्रशासनिक प्रक्रियाको पनि विकास हुँदैं गयो । प्रारम्भदेखि नै समाजिक समूह, संघसंस्था र व्यक्तिहरुले विभिन्न स्थानहरुमा आ-आफ्ना तरीकाले शिक्षा-दीक्षा दिने गरेको कुरा विभिन्न धर्मग्रन्थबाट समेत स्पष्ट हुन्छ ।नेपालको शैक्षिक इतिहास पितृकुल, गुरुकुल पद्दतिबाट शुरु भएको पाइन्छ । समयको परिवर्तनसंगै धार्मिक संघसंस्थाले धर्म-प्रचार गर्न शिक्षा प्रदान गर्न थाले । त्यसताका धार्मिक ग्रन्थ वेद, पुराण, बाइवल, त्रिपिटक जस्ता ग्रन्थहरुपढाइहुन्थ्यो (पौडेल र लेखनाथ, २०६३)।

वि.सं. २००७ सालभन्दा अगाडि शैक्षिक विकासमा राज्यको खासै ध्यान गएन । वि.सं. २००७ सालमा राणा शासनको अन्त्य भइ प्रजातन्त्र आएपछि शिक्षाप्रति जनचासो बढेकाले जनस्तरबाट धेरै विद्यालयहरु खुले । वि.सं. २०१० चैत्र ९ मा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा नेपाल राष्ट्रिय शिक्षा सामाजिक परीक्षण गठन भइ शिक्षा सम्बन्धी सम्पूर्ण पक्षको अध्ययन गरी २०११ सालमा ‘नेपालमा शिक्षा’ नामक प्रतिवेदन प्रस्तुत ग¥यो । यसले शिक्षा विकासमा जनसहभागितामा जोड दियो । यसले स्थानीय स्तरमा व्यवस्थापन र अवसर उपलब्ध गराउनु पर्ने कुरामा जोड दियो । देशको शैक्षिक पक्षमा अनुकुल सुधार गर्न, सर्वाङ्गिण राष्ट्रिय शिक्षा आयोग-२०१८, राष्ट्रिय शिक्षा पद्दतिको सामाजिक परीक्षण

२०२८ तथा राष्ट्रिय शिक्षा आयोग २०४९ लाई प्रमुख रुपमा लिइन्छ । समयको परिवर्तनसंगै वि.सं. २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भइ दिएको सुझाव अनुसार विद्यालयको व्यवस्थापन समुदायलाई दिने सुझाव पेश गर्‍यो । शिक्षाको व्यवस्थापन र प्रशासनमा विकेन्द्रीकरण गरी यसमा दक्षता र  मितव्ययीता ल्याई शिक्षण संस्थालाई स्वायत्त बनाई उत्तरदायी र अधिकार सम्पन्न तुल्याँउदै जाने नीति लिने सुझाव पेश गर्‍यो (शर्मा एण्ड शर्मा,२०६४) ।

त्यस अनुसार नै अहिले शिक्षा विद्यालयको व्यवस्थापनको जिम्मा समुदायलाई दिन थालियो । यस प्रकार समुदाय र समुदायको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ को काँधमा ठूलो जिम्मेवारी थप भएको मान्न सकिन्छ । व्यवस्थापनको इतिहास हेर्दा रोम क्याथोलिक चर्चमा संगठनको ढाँचा अधिकार एवं जिम्मेवारी तथा कार्यविधिको प्रयोग भएको थियो । प्लेटो (३५०वि.सी.), सुकरात ( ४००वि.सी.) जस्ता दार्शनिकले कार्य विशिष्टीकरण र व्यवस्थापन प्रक्रिया उल्लेख गरेका थिए ।समयको परिवर्तनसंगै शैक्षिक क्षेत्रको व्यवस्थापन गर्ने धारणाको विकास भयो ।सन् १९०० ताका शैक्षिक व्यवस्थापनमा वैज्ञानिक व्यवस्थापन सिदान्तको प्रभाव पर्‍यो । शिक्षामा सामाजिक परीक्षण वनाई मानवीय भौतिक स्रोत र साधनको परिचालन गर्नुपर्ने धारणाको विकास भयो । व्यवहारवादी सिद्धान्तले शैक्षिक व्यवस्थापनलाई सामाजिक संगठनको रुपमा मान्यता प्रदान गर्नुपर्ने धारणा ल्यायो । शैक्षिक व्यवस्थापनमा भएका सीमित साधन र स्रोत सहीढंगले गर्नुपर्ने धारणाको विकास भयो (काफ्ले, श्रेष्ठ, सिन्हा, २०६२) ।

शिक्षाविद् वेल्सग जे र म्यक जीन (१९९९)का अनुसार  “अभिभावकहरुलाई उनिहरुको वच्चाको शिक्षाको वारेमा व्याक्तिगत चाहाना हुन्छ प्रत्येक अभिभावकलाई उनिहरुको वच्चाको चाहाना र क्षमताको वारेमा वृस्तित जानकारी हुन्छ” उक्त भनाईबाट आफ्ना बालवच्चाप्रति अभिभावकको सरोकार र चासो दर्शाउन खोजएको छ । अभिभावक उनीहरुको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालय एक अर्कामा सम्बन्धित हुन्छन् । एक विना अर्काले मूर्णरुपमा शैक्षिक उपलब्धि हासिल गर्न सक्दैन अर्थात सफल यात्रा गर्न सक्दैन । विद्यालयले त्यसबेला मात्र सफल यात्रा गर्न सक्दछ, जतिबेला अभिभावक सचेत हुन्छन् र विद्यालयको सामाजिक परीक्षण निर्माण र सफल कार्यान्वयन गर्न सहयोग गर्न सक्छन् । विद्यालय आफैंलेसामाजिक परीक्षण

बनाउने र कार्यन्वयन गर्दा आउने समस्याहरुमा साक्षी राख्न मात्र अभिभावक, विद्यालय व्यवस्थापन समिति बोलाउने कतिपय ठाँउको सनातन परम्परालाई चिर्दै सामाजिक परीक्षणको आवश्यकता पहिचान देखि कार्यान्वयन गर्न र अन्त्यमा मूल्याङ्कन गर्ने अवस्था सम्म अभिभावकहरुको संलग्नताको आवश्यकता महशुस गरिएको छ।

शिक्षा ऐन (२०२८)का अनुसार "संसोदनमा, विद्यालयमा कार्यरत प्रशासक, शिक्षक र सम्बन्धि विद्यालयको सेवा क्षेत्रका अभिभावक समेतको संलग्नतामा गठित विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख र निरीक्षण गर्ने व्यवस्था गरिएको छ ।

विद्यालय सुधार कार्यक्रमले विद्यालयमा सामाजिक परीक्षण निर्माण गरी कार्यान्वयन गर्नु पर्ने उल्लेख गरेकोछ । विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण अभिभावकहरु, शिक्षक, वि.व्य.स. सदस्यहरु र प्रधानाध्यापक समेतको संलग्नता र सहयोगमा स्थानीय आवश्यकतामा आधारितसामाजिक परीक्षण निर्माण गरी कार्यान्वयन गर्नु विद्यालय सुधार कार्यक्रमको मूख्य उद्देश्य हो । सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा सरकारी तथा अन्य दातृ संस्थाहरुबाट विद्यालयलाई सहयोग गरीदै आएको छ । सरकारबाट प्राप्त रकम र स्थानीय स्रोत साधनको अधिकतम उपयोगबाट विद्यालयमा आवश्यकता अनुसार सामाजिक परीक्षण निर्माण गरी विद्यालयको शैक्षिक स्तर उकास्न सहज हुन्छ (विद्यालय सुधार कार्यक्रम निर्देशका, २०६५) ।

गाउँ नै गाँउ भएको नेपालमा सबैको शिक्षामा पहुँच पुग्न सकेको छैन । १३-१४ वर्ष उमेर समूहका ६८% बालवालिका, १०-१२ वर्ष उमेर समूहका ५६% तथा ५-९ वर्ष उमेर समूहका १५% बालवालिका विद्यालयको पहुँचभन्दा बाहिर छन् ( जिशिका, २००४) ।

यस प्रकार विद्यालय बाहिर रहेका बालवालिकालाई विद्यालयमा ल्याइ गुणस्तरीय शिक्षा दिनु राज्यको कर्तव्य भएपनि सो कार्यमा सचेत अभिभावकको ठूलो योगदान रहन्छ । शिक्षाको अवसरबाट वञ्चित बालवालिकालाई विद्यालयको दायरामा ल्याउन, गुणस्तरीय शिक्षा प्रदान गर्नु, दक्ष तालिम प्राप्त, दक्ष जनशक्तिको उचित परिचालन गरी समाजको इच्छा अनुसार तोकिएको नीति र उद्देश्य अनुरुप शिक्षा प्रदान गर्नु विद्यालयको कर्तव्य हो । विद्यालय समुदायको एक अंग भएकोले विद्यालयले गरेका र गर्ने भावी कामहरुको सामाजिक परीक्षण बनाउन र त्यसको सफल कार्यान्वयनमा समुदायको पनि ठूलो हात रहने कुरालाई नकार्न सकिदैंन । शैक्षिक सत्र २०६३ देखि सामुदायिक विद्यालयहरूमा सामाजिक

परीक्षण गर्ने परिपाटिको थालनि भएको छ । यसमा सहभागिता कस्तो रहेको छ, शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा के के प्रभाव परिरहेको छ र समस्याहरू र भूमिका कस्ता रहेका छन भनी खोज अनुसन्धान गर्न यो शोध कार्य गरिएको छ ।

## १.२ समस्याको कथन

प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । व्यक्तिले पाउने शिक्षा गुणस्तरीय प्राविधिक, देश, काल र परिस्थितिको आवश्यकता पूरा गर्ने हुनु पर्दछ । समाजका सबै बालवालिकाहरुले समान रुपमा शिक्षा पाउनु पर्दछ ।  समाजका हरेक व्यक्तिको उत्तिकै सक्रियता र सहभागित  आवश्यक हुन्छ । विद्यालयको भौतिक सुधार गर्न तथा गुणस्तरिय शिक्षा प्रधान गर्न विद्यालयलाई आर्थिक स्रोतको आवश्यकता हुन्छ ।यस कार्यका लागि वर्तमान समयमा सामुदायिक विद्यालयमा  समाजिक परिक्षण अनिवार्य सर्तका रुपमा रहेको छ । विद्यालयहरुमा  अभिभावकहरुको कम चासो रहेका कारण शैक्षिक स्तर गिर्दो अवस्था छ भने आर्थिक पारदर्शिताको अभाव पनि देखिएको छ । सरकारी विद्यालयहरुले निजी विद्यालयहरुसंग प्रतिस्पर्धा गर्न सकेका छैनन्, जसको ज्वलन्त उदाहरण केही वर्ष यताकोप्रवेशिका परीक्षाको नतीजाले स्पष्ट पारेको छ ।

समुदायको सक्रिय सहभागिता विना ल्याइएका सामाजिक परीक्षणहरु कार्यान्वयन गर्ने तहमा पुग्दा प्रभावकारी वन्न सकेको देखिन्दैन । समुदायको सहयोग विना विद्यालयले शैक्षिक, भौतिक र आर्थिक क्षेत्रमा उन्नति गर्न गाह्रो हुन्छ । फलस्वरुप सिकाइ उपलब्धि न्यून हुन जान्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार विद्यालय तहमा  सामाजिक परीक्षण निर्माण र प्रभावकारी कार्यान्वयनमा समुदाय र विद्यालयको समेत प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले प्रभावकारी भूमिका हुनु पर्ने हो । यस कार्यको लागि शिक्षक अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिको सहभमगिता हुनु पर्दछ । विद्यालय स्तरमा गरिने सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा समस्याहरू रहेका छन । विद्यालयको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा समुदायको सहभागिता भए मात्र यसको प्रभावकारी कार्यान्वयन हुन सक्दछ ।  सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई दिइएको जिम्मेवारी सक्षमताका साथ पूरा गर्न सकिन्छ, स्थानीय स्तरमा निर्माण गरिएका र कार्यान्वयन गरिएका सामाजिक परीक्षणबाट विद्यार्थीहरुको सिकाई उपलब्धिमा सुधार ल्याउन सकिन्छ ।

विद्यालयको सामाजिक परीक्षण निर्माण तथा कार्यान्वयनमा शिक्षक अभिभावक संघको सहभागिताको अवस्था, विद्यालयको सामाजिक परीक्षणले शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा पारेको प्रभाव, यसमा देखा परेका समस्याहरू र  विद्यालयको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा शिक्षक अभिभावक संघको भूमिका सुदृढ गर्ने उपायहरुको खोजि गर्न आवश्यक देखिएको हुदा यस बिषयमा खोज कार्य अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विनाको मानिस पशु तुल्य हुन्छ । मानिसको दैनिक आवश्यकता पूरा गर्न व्यक्तिका जन्मजात गुणको प्रस्फुटन गर्न र उसलाई वातावरणसँग सामायोजन गराउन शिक्षा आवश्यक हुन्छ । शिक्षा विकासको आधारशिला हो । समाजमा रहेका सबै जातजातिका बालबालिकाले समान रुपमा शिक्षा लिन पाउने वातावरणको सृजना गराउनु राज्यको दायित्व हो । खास गरी सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको विश्व शिक्षा मन्त्रिहरुको  सम्मेलनले सबैको लागी शिक्षा भन्ने विश्वको नारा पारित गरेको छ ( सिन्हा, २०६३) । यस प्रकार समाजका सबै बालवालिकाले समाजको आवश्यकता अनुरुपको शिक्षा पाउने वातावरण सृजना गर्न समाज तथा विद्यालयको प्रतिनिधिमूलक संगठन शिक्षक अभिभावक संघले विद्यालय स्तरको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनको प्रभाव बारेमा अध्ययन गरिनु आफैँमा यसको औचित्य झल्कने छ । १०४वर्षे राणा शासनको अन्त्य पछि शिक्षाप्रति जनलहर देखा पर्‍यो । फलस्वरुप उचित मापदण्ड बिना नै धेरै विद्यालयहरू खुले र  निजीस्तरका लगानीबाट खुलेका त्यस्ता विद्यालयहरूलाई सरकारले क्रमशः सरकारी मान्यता दिए । त्यसको सञ्चालन र रेखदेखको जिम्मा २०६३ देखि समुदाय र समुदायको प्रतिनिधिलाई छोडियो । यसरी वि.व्य.स. लाई दिइएको अधिकारबाट विद्यालयको शैक्षिक क्षेत्रको उपलब्धिको लेखाजोखा गर्न आवश्यक भएको हुदा यो विषयमा शोध अध्ययन गर्न जरुरी देखिन्छ ।

वि.स. २०१० साल देखि वर्तमान अवस्था सम्ममा शिक्षा क्षेत्रमा समय अनुकुल परिवर्तन गर्न गठन भएका विभिन्न आयोगहरुले अभिभावकको प्रतिनिधित्व गर्ने समिति वि.व्य.स. को सहयोग आवश्यक रहेको आफ्ना सिफारिसमा उल्लेख गरेका छन् । खासगरी विद्यालयको भौतिक, आर्थिक पक्षमा समुदायको उल्लेख्य सहयोग हुनु पर्दछ । शिक्षामा सबै बालवालिकाको पहुँच सु-निश्चित वि.सं. २०३१ देखि प्राथमिक तह निःशुल्क गर्ने र सन्

१९९१ देखि माध्यमिक तह (कक्षा-१०) सम्म निःशुल्क गर्ने काम भयो । अहिले कक्षा-१२ सम्मलाई विद्यालय शिक्षामा गाभेर निःशुल्क हुनुपर्ने अवधारणालाई कार्यान्वयनको प्रयास गरिएको छ । यस परिप्रेक्ष्यमा निःशुल्क शिक्षाको कारण विद्यालयप्रति समुदायको चासो घटेको महसुस हुन्छ । राजनैतिक दलहरुका कतिपय सदस्यहरू वि.व्य.स. पदाधिकारी छनौट गर्दा राजनिति गर्ने अखडाको केन्द्र मात्रको रुपमा लिने गरिन्छ । यो विद्यालयको समग्र बिकासको लागि ठूलो चुनौती हो । यस पृष्ठभूमिमा अभिभावकको चेतनामा अभिवृद्धि गरी एक सक्षमविद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन हुनु आजको आवश्यकता हो , जसले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक क्षेत्रमा उल्लेखनीय सहयोग गर्न सकोस् । यसर्थ सक्षम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले विद्यालय तहको सामाजिक परीक्षण निर्माण र प्रभावकारी कार्यान्वयनमा खेल्न सक्ने भूमिकाको अध्ययन गर्ने जरुरी देखिन्छ ।

समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन निर्देशिका, २०५९ ले शिक्षा ऐन २०२८ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ आफैंले गर्ने जिम्मेवारी लिएपछि विद्यालयको आवधिक एवं वार्षिक सामाजिक परीक्षण बनाई स्रोत जुटाउने र कार्यान्यन गर्ने, विषयगत उसमिति गठन गर्ने र विद्यालयको शैक्षिक आर्थिक तथा मानवीय व्यवस्थापनका लागि विनियम बनाइ लागू गर्ने प्रावधानको व्यवस्था भएको छ । अभिभावकहरूको विद्यालय सञ्चालन र व्यवस्थापनका साथै सामाजिक परिक्षणमा समेत सक्रिय सहभागिता देखिदैन । समुदायमा हस्तान्तरण भएका वा हुन बाँकी रहेका सरकारी विद्यालयहरुमा गठित शिक्षक अभिभावक संघको क्षमता, योग्यता र सहभागिताको स्थिति पत्ता लगाउन आवश्यक भएकोले सामुदायिक विद्यालयको सामाजिक परीक्षण निर्माण र प्रभावकारी कार्यान्वयनमा शिक्षक अभिभावक संघको भूमिकाको विषयमा शोध अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) सामाजिक परीक्षण निर्माण तथा कार्यान्वयनमा शिक्षक अभिभावक संघको सहभागिताको स्थिति पहिचान गर्नु ।

ख) सामाजिक परीक्षणले शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा पारेको प्रभाव विश्लेषण गर्नु ।

ग) सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरु पत्ता लगाउनु ।

घ) विद्यालयको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा शिक्षक अभिभावक संघ को भूमिका सुदृढ गर्ने उपायहरूको  खोजि गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनलाई निम्न लिखित अनुसन्धानात्मक प्रश्नमा केन्द्रित गरिएको छ :

क) के सबै विद्यालयहरूमा सामाजिक परीक्षण गरिन्छ ?

ख) विद्यालयहरूमा सामाजिक परिक्षणको अवस्था के कस्तो छ ?

ग)विद्यालयहरूमा सामाजिक परिक्षणको निर्माण र कार्यान्वयनमाकस्ले सहभागिता पाउँदछन ?

घ) सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघले के कस्तो भूमिका खेलेको हुन्छ ?

ङ) के समुदायको सहभागिता नियमित छ ?

च)  सामाजिक परीक्षणले व्यवस्थपन, सञ्चालन र सिकाई उपलब्धिमा  कस्तो प्रभाव पारेको छ ?

छ)सामाजिक परीक्षण कार्यान्वयन भएपछि सिकाइ उपलब्धिमा कस्तो परिवर्तन देखा परेका छन् ?

ज)सामाजिक परीक्षण निर्माण र कार्यान्वयनका समस्याहरु के-के छन ?

झ) सामाजिक परीक्षणले सिकाइ उपलब्धिमा परेको प्रभावहरु के-के छन् ?

ञ) सामाजिक परीक्षणका समस्याहरू र यसका समाधानका उपायहरु के-के छन् ?

ट)शिक्षक अभिभावक संघ को सहभागितालाई अझ सुदृढ बनाउन के-के गर्नु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यस शोध-कार्यलाई मोरङ्ग जिल्लाको लागी बाहुनी स्रोतकेन्द्र भित्रका ६ वटा विद्यालयहरूमा सीमित गरिएको छ । यस अध्ययनमा सबै विद्यलयहरूकाशिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्र.अ., शिक्षकहरू र अभिभावकहरूमा सीमित गरिएको छ ।  प्रश्नवाली, प्रत्यक्ष भेटघाट आदिद्वारा तथ्याङ्क

संकलन गर्न स्रोत साधनलाई समेत सीमित गरिएको छ । यस अध्ययनलाई २०६९ देखि २०७० सम्म गरेका सामाजिक परीक्षण, कक्षा ५का विद्यार्थीको सिकाइ उपलब्धि शै.व. २०६६र २०७० मा सिमित गरिएको छ ।

## १.७ महत्वपूर्ण शब्दहरूको परिभाषा

यस अध्ययनमा उल्लेख भएका आवश्यक शब्द, तिनको अर्थ र परिभाषा यस प्रकार रहेको छ :-

सार्वजनिक विद्यालय : नेपाल सरकारबाट मान्यता प्राप्त सालवसाली अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय हो ।

समुदाय : विद्यालय सेवा क्षेत्र भित्र बसोबास गर्ने मानिसहरुको समूह ।

पि.ओ.डि.सि.: व्यवस्थापिका कार्य सञ्चालन गर्नका लागि व्यवस्थापकले सामाजिक परीक्षण गर्ने, संगठन गर्ने, निर्देशन गर्ने तथा आवश्यक मात्रामा संगठनलाई अनियमितताबाट बचाउन नियन्त्रण गर्ने कार्य हो ।

नियमावली : नियमहरुको संग्रह ।

प्रधानाध्यापक : विद्यालयको शैक्षिक तथा प्रशासनिक जिम्मेवारी लिइएको प्रमुख व्यक्ति ।

सामाजिक परीक्षण निर्माण : विशेष गतिविधि सञ्चालन वा कार्यान्वयनका लागि तयार पारिएको विस्तृत रुपरेखा ।

# परिच्छेद दुई: सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनका लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्बन्धको सिद्धान्त र विकेन्द्रिकरणको सिद्धान्त उपयुक्त देखिएकोले यी सिद्धान्तहरूको उल्लेख गरिएको छ । विद्यालय सन्चालन, व्यवस्थापन र शैक्षिक क्रियाकलापमा धेरै समस्याहरु छन् । त्यही समस्यालाई प्रभावकारी ढंगले समाधान हुन नसक्दा अहिले सामुदायिक विद्यालयको शैक्षिक उत्पादन त्यति सन्तोषजनक अवस्थामा छैन । विद्यालयको शैक्षिकस्तर सुधार गर्न प्रशासक, व्यवस्थापक, शिक्षक, कर्मचारी र अभिभावकमा सुमधुर सम्बन्ध कायम गर्न आवश्यक सिद्धान्तहरूले सामुदायिक विद्यालयहरूको सामाजिक परीक्षणमा मद्दत पुऱ्याइएका छन् ।

फोलेट(१८६८-१९३३ ए.डी.) को मानव सम्बन्धको सिद्धान्तका अनुसार कुनै संगठनमा कार्य गर्नेहरूका वीच राम्रो मानव सम्बन्ध भएमा अर्थात व्यवस्थापक र कामदारवीच अन्तरक्रिया भएमा संगठनले सहि दिशाबोध प्राप्त गर्दछ । उनका अनुसार उत्पादन बढाउन, गुणस्तर सुधार्न, व्यत्तिहरुको भावना र चाहनाहरुलाई बुझेर कामदार र प्रशासक वीचको मानवीय सम्बन्ध विकास गर्नु पर्दछ । मानवीय नाताको स्थापना मनमुटाब, झगडा कलुषित भावना समाप्त गर्नु पर्छ । यस सिद्धान्तका आधारभूत पक्षमा समन्वय सीधा सम्पर्कद्वारा कामको शुरुमा सबै तत्वहरुसंगको समन्वय र निरन्तर समन्वयलाई उनले जोड दिएकी छन् । जसबाट मात्र कुनै संघ-संस्थाको उन्ननि प्रगति सम्भव छ । विद्यालयमा निर्माण गरिने सामाजिक परीक्षणहरुको निर्माण गर्दा समेत विद्यालय तथा विद्यालय सेवा क्षेत्रमा आम सरोकारवालाको राय, सुझाव तथा सहयोग लिन आवश्यक हुन्छ, जसको लागि विद्यालय समुदायवीचको सम्बन्ध सुमधुर हुनुपर्छ । यो सिद्धान्तको उपयोग शिक्षक कर्मचारीवीचको आपसी सम्बन्ध सामाजिक परीक्षण निर्माणमा समुदायको संलग्नता आदिको अध्ययनमा उपयोग गर्न सकिन्छ साथै सरोकारवाला सबैको निरन्तर समन्वय विना संगठन अघि बढ्न सक्दैन (काफ्ले, २०६२ बाट उद्दृत) ।

मास्लोले सन् १९४३ मा अभिप्रेरणाको सिद्धान्त प्रतिपादन गरे अनुसार मानिसका आवश्यकताहरु अनगिन्ती हुन्छन् । असीमित चाहना र आवश्यकता पूरा गर्न सीमित साधन र स्रोतहरु हुन्छन् ।गाँस, वाँस, कपास, जस्ता आधारभूत आवश्यकता पूरा भएपछि मात्र

सुरक्षात्मक, सामाजिक आवश्यकताको चाहना हुन्छन् ।सामाजिक आवश्यकता पूरा भएपछि को आवश्यकताहुन्छ ।सो भएपछि आत्मा सन्तुष्टि आवश्यकता हुन्छ । यो मास्लोको आवश्यकताको श्रृङखलाको अन्तिम चरण हो । सीमित आवश्यकता मध्येबाट साधन र स्रोतले भ्याउने पहिलो प्राथमिकताका अध्ययन आवश्यकता परिपूर्ति गर्दै क्रमशः उच्चस्तरको आवश्यकता पूरा गर्न मानिस उत्प्रेरित हुनु पर्दछ (कोइराला र श्रेष्ठ, २०६२ बाट उदृत) ।

विद्यालय तहमा पनि धेरै आवश्यकता र मागहरु हुन्छन् । त्यसमा असल प्रशासक आवश्यकतालाई प्राथमिकीकरण गरेर पहिलो देखि क्रमशः पूरा गर्दै जानु पर्दछ । आवश्यकता पूरा गर्ने सवालमा आवश्यकताको पहिचान देखि कार्यान्वयन र मूल्याङ्कन सम्म विद्यालयको सरोकारवाला सबैको सहभागिता, संलग्नमा र जवाफदेही हुनु आवश्यक छ ।

शैक्षिक विकेन्द्रीकरणको कम्यूनिटि फण्डिङ् एप्रोज  अनुसार शिक्षकको तलब भत्ता साथै विद्यालयको प्रशासनिक खर्च, केन्द्रीय सरकारबाट व्यहोर्ने तथा जमीन विद्यालयको भौतिक अवस्था (भवन, फर्निचर, शौचालय, खानेपानी) को व्यवस्थापन स्थानीय समुदायको गर्नुपर्छ । यसका लागि आवश्यक स्रोत को व्यवस्था स्थानीय तवरले गर्नुपर्छ । हाम्रो देशको सन्दर्भमा समुदायमा हस्तान्तरण भएका विद्यालयमा यही उपागमको आधार र सर्तमा समुदायमा हस्तान्तरण भएका छन् । यस प्रकार सरकारी विद्यालयमा अभिभावक र तिनीहरुको प्रतिनिधि संस्था उनीहरुको सक्रिय सहभागिताको अपेक्षा गर्न सकिन्छ ।

पर डेलिन (१९९८)का अनुसार विकेन्द्रिकरण भनेको केन्द्रमा एकिकृत भएर रहेको अधिकार तल्लो तहसम्म दिनु हो । जसले गर्दा नीति निर्माण गर्ने  अधिकार स्थानिय स्तरलाई प्राप्त हुन्छ । यसरी नीति निर्माण गर्ने  अधिकार समेत उनिहरूलाई हस्तानतरण गर्नाले विद्यालयमा स्रोत र साधनको समेत समुचित व्यवस्था हुन गई विद्यालयमा शैक्षिक आउँन सक्छ । विकेन्द्रिकरण निरुपण एउटा कानुनी प्रावधान हो, जो माथिल्लो निकाय वा अधिकारीको इच्छामा निर्भर हुदैन । यसमा तल्लो निकाय वा अधिकारीले स्वतन्त्र रुपमा कानुनी दायराभित्र रही योजना बनाउने, निर्णय गर्ने, कार्यान्वयन गर्ने, नीति निर्माण गर्ने, अनुगमन गर्ने र मूल्याकन समेत गर्न पाउँछन (के.सी.,२०६६बाट उदृत)।

त्यसैले  विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउन र सिकई उपलब्धि बढाउन विद्यालयका सरोकारवालाहरू बिच कामको विभाजन आवश्यक हुन्छ । आर्थिक

पारदर्सिता र भौतिक तथा शैक्षिक उन्नितिका लागि सामाजिक परीक्षणको व्यवस्था शिक्षा नियमावलीले गरिदिएको छ ।हाम्रो देशको सन्दर्भमा समुदायिक विद्यालयमा सामाजिक परीक्षणमा यी विकेकिन्द्रत अधिकारका अधारमा  अभिभावक र प्रतिनिधिहरूलई सक्रिय सहभागिता गराउन सकिन्छ

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

हाम्रो देशमा वर्तमान अवस्थामा वद्यार्थीहरुको शैक्षिक स्तर उकास्ने विषयमा धेरै अध्ययन भएका छन् । तथापि शैक्षिक योजना निर्माण र कार्यान्वयन विषयमा खोज, अनुसन्धान कम भएका छन् । यस परिप्रेक्ष्यमा आधारभूत प्राथमिक शिक्षा परिसामाजिक परीक्षण लागू भएपछि विद्यालय सुधार सामाजिक परीक्षणको अवधारणा आएपछि विद्यालय सुधार सामाजिक परीक्षणका सम्बन्धमा केही खोज भएका छन् । तिनै सामग्रीहरुलाई यो शोधका पूर्व साहित्यका रुपमा लिइएको छ ।

राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन, (२०४९)का अनुसार प्रजातन्त्रको पुनः स्थापना पछि वि.सं. २०४७ मा गठन भएको राष्ट्रिय शिक्षा आयोगले वि.सं.२०४९ मा आफ्नो प्रतिवेदन बुझाएको थियो, जसमा विद्यालय व्यवस्थापन समितिलाई सवल बनाउन निम्न अनुसारको अधिकारहरु दिइनु पर्ने उल्लेख छ । व्यवस्थापन समितिलाई भौतिक सुविधा जुटाउने, विद्यालयको सम्पत्ति संरक्षण र सम्बर्न्धन गर्ने कार्यका साथै शिक्षक भर्ना ,सरुवा, वढुवा सिफारिश गर्ने अधिकार दिइनुपर्दछ । वि.सं. २०६० चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्रले  फर्मेटिभ अनुसन्धान गरि सामाजिक परीक्षणद्वारा प्रकाशित विद्यालय सुधार, सामाजिक परीक्षण र यसको कार्यान्वयन शीर्षकमा विद्यालय सुधार योजना बारे यसरी उल्लेख गरिएको छ । शैक्षिक क्षेत्रमा विकेन्द्रीकरण सुधार प्रकृया सञ्चालनका लागि आधारभूत तथा प्राथामिक शिक्षा कार्यक्रमले देशका ५ जिल्लामा परीक्षण कार्यक्रम को रुपमा विद्यालय सुधार सामाजिक परीक्षण प्रारम्भ गरेको हो । यस प्रयास अन्तर्गत स्थानीय तहबाट सामाजिक परीक्षण निर्माण त्यसको व्यवस्थापन सञ्चालन तथा अनुगमन होस् भन्ने अभिप्रायले सामाजिक परीक्षण अनुरुप लघु सामाजिक परीक्षण प्रक्रियाको थालनी गरएको थियो । वास्तवमा विद्यालय सुधार सामाजिक परीक्षणले विकेन्द्रीकरणको अवधारणालाई कार्यान्वयनमा ल्याउनका साथै सामाजिक परीक्षण निर्माण र कार्यान्वयनको जिम्मेवारी स्थानीय विद्यालय र समुदायलाई प्रदान गरी सुधारका प्रयासलाई मुर्तरुप दिन्छ ।

यस प्रकार विद्यालयका साझा समस्याको पहिचान गर्न, समाधानको उपायहरु अवलम्बन गर्न, विद्यालय परिवार, वि.व्य.स. अभिभावकवीच छलफल गराइ साझा समझदारी कायम गराउन आवश्यक छ । यसबाट सामाजिक परीक्षण निर्माण र कार्यान्वयन गर्न आवश्यक रणानीत निर्माणका लागि साझा प्रयास अगाड बढाउन सकिन्छ ।

शैक्षिक सामाजिक परीक्षणले सामाजिक माग उपागम  का अनुसार समाजको माग के हो? कतिसम्म समुदायले लगानी र सहयोग गर्न सक्छ ? देशको सामाजिक संरचना कस्तो छ ? जस्ता पक्षहरुलाई ख्याल गर्दै सबैको लागि समान र न्यायकि रुपमा शिक्षाको अवसर प्रदान गर्न सकिने गरी शैक्षिक सामाजिक परीक्षण निर्माण गर्नुपर्दछ भन्ने दृष्टिकोण यस उपागमको हो । अभिभावकले आफूले चाहना गरे अनुसारको शिक्षा प्राप्त गर्न सक्ने राष्ट्रिय सम्पदा स्रोत तथा पारिवारिक अवस्थालाई समेत ध्यानमा राखिने, सामाजिक संरचना र न्यायलाई समाहित गरिने, प्रजातान्त्रिक हक र अधिकारको समेत संरक्षण हुने यस उपागमको विशेषता हो ।विद्यालयमा निर्माण गरीनेसामाजिक परीक्षणहरु समेत सरोकारवालाहरुको मागमा आधारित भइ निर्माण हुनु आवश्यक छ ।

शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त अनुसार समाजको माग के हो ?कतिसम्म समुदायले लगानी र सहयोग गर्न सक्छ ? देशको सामाजिक संरचना कस्तो छ ? जस्ता पक्षहरुलाई ख्याल गर्दै सबैको लागि समान र न्यायिक रुपमा शिक्षाको अवसर प्रदान गर्न सकिने गरी शैक्षिक सामाजिक परीक्षण निर्माण गर्नुपर्दछ भन्ने दृष्टिकोण यस उस उपागमको हो । अभिभावकले आफूले चाहना गरे अनुसारको शिक्षा प्राप्त गर्न सक्ने राष्ट्रिय सम्पदा स्रोत तथा पारिवारिक अवस्थालाई समेत ध्यानमा राखिने, सामाजिक संरचना र न्यायलाई जनहितमा गरिने, प्रजातान्त्रिक हक र अधिकारको समेत संरक्षण हुने यस उपागमका विशेषता हो । विद्यालयमा निर्माण गरिने सामाजिक परीक्षणहरुमा समेत सरोकारवालाहरुको भागमा आधारित निर्माण हुनु आवश्यक देखिन्छ । शिक्षाको  विकासका लागि जनसहभागिता जनसहभागिताको ठूलो भूमिका हुन्छ । विद्यालयको भौतिक संरचना निर्माणमा जनताद्वारा गरिएको सहयोग उल्लेखनीय हुन्छ । सञ्चालन भइरहेका सरकारी र सामुदायिक विद्यालयको सम्बन्धमा निर्मित सामाजिक परीक्षणको कार्यान्वयन र सामाजिक परीक्षणले विद्यार्थीको सिकाई उपलब्धिमा प्रभाव पार्ने हुदा यसमा शिक्षक अभिभावक संघको भूभिका खोज गर्न आवश्यक देखिन्छ ।

निरौला (२०६३) को अप्रकाशित शोध-पत्र अनुसार विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभावको विषयमा अध्ययन गरी प्राप्त निष्कर्षहरु उल्लेख गरेका छन् ।सरकारी विद्यालयको व्यवस्थापन समुदायद्वारा हुने हुँदा शैक्षिक विकास तथा गुणस्तरमा आउने सुधार उल्लेख गरेका छन् । तिनीहरुमा विद्यार्थीको भर्नादरमा वृद्धि हुनु, कक्षा छोड्ने दरमा कमि आउनु, शिक्षक-विद्यार्थीको औषत बढ्नु आदि उल्लेख गरेका छन् । समुदायको विद्यालयमा प्रभाव बढाउँदा वि.व्या.स.ले आफू नै सर्वोच्च प्रशासक ठान्ने, अनुदानको रकम दुरुपयोगको केही सम्भावना हुनु, राजनैतिक चलखेल विद्यालयमा बढ्नु सरकार शैक्षिक दायित्वबाट क्रमशः पन्छिन खोज्ने जस्ता नकरात्मक प्रभावको बारेमा शोध अध्ययन निष्कर्ष निकालिएको छ ।

गौतम (२०६१) शोधकर्ताले गरेको अध्ययनबाट विद्यालयको व्यवस्थापन अभिभावकले लिन, अभिभावकको क्षमता अभिबृद्धि गर्न र सचेतना कार्यक्रम ल्याउनु पर्ने, वि.व्य.स., शिक्षक र अभिभावकवीच समय-समयमा अन्तरक्रिया हुनुपर्ने सुझाव दिइएको छ । यसैगरी वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन, केवल विद्यालय विकासको सच्चा सहयोगी हो भन्ने सचेतना वि.व्य.स. मा ल्याउनु पर्ने, सरकार शैक्षिक दायित्वबाट मुक्त हुन चाहेको होइन भन्ने कुरा स्पष्ट गरिनुपर्दछ भन्नेसुझाव दिइएको छ । यस प्रकार उक्त शोध पत्रमा शोधकर्ताले समुदायमा विद्यालयको हस्तान्तरण गर्दा दुवै पक्षको गहन अध्ययन गरी वि.व्य.स. तथा प्र.अ. लाई व्यवस्थापकीय तालिम सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्नु पर्ने, शिक्षकको पेशागत सुरक्षाको ग्यारेन्टी हुनु पर्ने, शिक्षामा गरिने लगानी वृद्धि गरिनु पर्ने, व्यवसायिक शिक्षा, सामाजिक परीक्षण तथा रोजगारमूलक शिक्षामा जोड दिनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेका छन् । सामाजिक परीक्षणले विद्यालयको व्यवस्थापनमा बृद्धि गर्ने, आर्थिक र बाह्य कार्यसम्पादनलाई लेखाजोखा तथा मूल्याङ्कन गर्दछ ।

जिशिका (२०६५) को सामाजिक परीक्षण निर्देशिका अनुसार प्रत्येक सामुदायिक विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रुपमा गर्नु पर्छ । प्रत्येक आर्थिक वर्षको सामाजिक परीक्षण प्रतिबेदनले सुझब गरेका कुराहरू कार्यन्वयन गर्नु पर्दछ । प्रत्येक आर्थिक वर्षको अघिल्लो सामाजिक परीक्षण प्रतिबेधनले सुझब गरेका कुराहरू के कति कार्यन्वयन भए वा भएनन् , विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था, छात्र छात्रा अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिति आदि सूचकहरूको आधारमा सामाजिक

परीक्षण गरिन्छ । सामाजिक परीक्षण प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र सम्पन्न गरी अभिभावक भेलामा सावर्जनिक गर्नु पर्छ । आसोज १५ गते भित्र सम्बन्धित विद्यालय निरिक्षक वा स्रोतव्यक्तिलाई उक्त प्रतिबेधन बुझाउनु पर्छ ।विद्यालय निरिक्षक वा स्रोतव्यक्ति आफूकाहाँ प्राप्त भएको सामाजिक प्रतिबेधन कार्तिक १५ गते भित्र जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्छ । जिल्ला शिक्षा कार्यालयले जिल्ला भरिका सबै विद्यालयको सामाजिक परीक्षणको अभिलेख राखि पौष मसान्त भित्र क्षेत्रिय शिक्षा निर्देशनालयमा र विभागमा पठाउनु पर्छ । अन्तमा शिक्षा विभागले विद्यालयहरूको वास्तविक स्थिति झल्कने गरी सामाजिक परीक्षण सम्बन्धि अन्तिम प्रविधन तयार गरी सार्वननिक गर्नु पर्दछ । सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरूमा कानुनमा व्यवस्था गरी अनिवर्य गरिएको छ । सामाजिक परीक्षण गर्न शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा अभिभावक मध्ये कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, सम्बन्धित वडाको वडा अध्यक्ष एक जना, शिक्षक अभिभावक संघले तोकेका `वुद्धिजिवि मध्ये एक जना, प्रधानाध्यपकले सदस्य सचिवको् रुपमा तोकेको एक जना शिक्षक गरी ६ सदस्यीय सामाजिक परीक्षण समिति रहने कानुनी व्यवस्था गरेको छ ।

कोइराला (२०६२) का अनुसार कुनैपनि संगठनमा यसका प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न व्यवस्थापक, कर्मचारी, प्रशासक, उपभोक्ता सबैको सामूहिक प्रयासबाट मात्र संगठनको सही दिशा प्राप्त हुन्छ । त्यस्तै मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार संस्थामा त्यस्ता आवश्यकता पूरा गर्नुपर्छ जुन प्राथमिकता क्रमको शिर्ष स्थानमा छन् । विद्यालयमा सरोकारवाला प्रत्यक्ष संलग्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ हुन्छ । विद्यालयको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा सहभागिताको स्थिति अध्ययन गर्न आवश्यक देखिन्छ । अधारभूत आवश्यकाता पूरा भएपछि मानिस स्वभावले नै आफ्ना बालबच्चाको शिक्षामा ध्यान दिन्छ । विद्यालयसंग सम्बन्धित सरोकारवालाको विद्यालय सुधारमा ठूलो देन हुन्छ । राष्ट्रले लिएको लक्ष्य पूरा गर्न लागू गरिएको पाठ्क्रममा तथा प्रचलित नियम अनुसार चलेका सरकारी विद्यालयहरुमा सम्बन्धि समुदायको संलग्नतामा सामाजिक परीक्षणहरुको निर्माण गरी प्रभावकारी कार्यान्वयन हुन जरुरी हुन्छ । यसबाट समाजको अपेक्षा अनुरुप समय अनुसारको गुणस्तरीय शिक्षा बालवालिकाले पाँउछन् । विद्यालय सरस्वतीको मन्दिर हो । यहाँ अवोध बालवालिकाले ज्ञानको दियो बाल्ने अवसर पाँउछन् र भविष्यमा समाज र राष्ट्रलाई चाहिने नागरीक बन्छन् । हरेक बालवालिकालाई

असल र दक्ष नागरीक बनाउने लक्ष्य लिएको विद्यालयमा धेरै समस्याहरु छन् । त्यस्ता समस्यालाई प्रभावकारी ढंगले समाधान हुन नसक्दा अहिले सामुदायिक विद्यालयको शैक्षिक उत्पादन त्यति सन्तोषजनक अवस्थामा छैन । विद्यालयको शैक्षिक स्तर सुधार गर्न प्रशासक, व्यवस्थापक, शिक्षक, कर्मचारी, अभिभावक आदिमा सुमधुर सम्बन्ध आवश्यक हुन्छ ।

शिक्षा ऐन (२०२८) का अनुसार प्रत्येक सामुदायिक विद्यालयका प्रधानाध्यपकले वाषिक बजेट निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्विकृति गराई कार्यान्वयन गर्नु पर्छ । विद्यालय क्रियाकलापहरूमा खर्च गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई खर्च गर्ने र त्यसको व्यवस्थित अभिलेख राख्नुपर्छ । विद्यालयमा कारोबर भएका प्रत्येक बील भरपाई प्रमाणित गरी राख्नुपर्छ । प्रधानाध्यपकले प्रत्येक वर्ष जिल्ला शिक्षा कार्यालयमा लेखा परीक्षक माग गर्नु पर्छ र लेखा परीक्षकबाट विद्यालयको अयव्ययको परीक्षण गराई विद्यालय व्यवस्थापन समितिबाट पास  गरि जिल्ला कार्यालयमा पेश गर्नु पर्छ । विद्यालयको कामकारवाहीमा ऐन तथा नियमवाली बमोजिम भए नभएको एवं निर्धारित लक्ष्य अनुरुप विद्यालयको   गतिविधि सञ्चालन भए नभएको हेर्न सामाजिक परीक्षणको प्रतिबेदन अभिभावकहरूबिच सार्वजनिक गराई एक प्रति जिल्ला शिक्षा कार्यालयमा पठाउँनु पर्छ ।

शिक्षा नियमावली (२०५९)ककक अनुसार शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकार देहाय वमोजिम हनेछ ।

विद्यालयको गुणस्तर कायम गर्नका लागि आवस्यक काम गर्ने ।

यस नियमावली वमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्वन्धमा अनुगमन गर्ने तथा सो सम्वन्धमा विद्यालयलाई आवस्यक सुझाव दिने ।

विद्यालयको शैक्षिक गतिविधिवारे नियमित जानकारी राख्ने तथा सो सम्वन्धमा अर्न्तक्रिया गर्ने ।

शिक्षा ऐन (२०२८)को आठौं संसोधन २०६२ ले सामुदायिक विद्यालयको सञ्चालन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था गरिएको छ :

अभिभावकहरुले आफू मध्येबाट छानी पठाएको व्यक्ति -अध्यक्ष

अभिभावकहरुले आफू मध्येबाट छानी पठाएको एकजना महिला सहित ३ जना -सदस्य

विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष - सदस्य

स्थानीय वुद्धिजिवी शिक्षाप्रेमीहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना- सदस्य

विद्यालयका संस्थापकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना- सदस्य

विद्यालयलाई रकम, घर, जग्गा उपलब्ध गराउने चन्दादाताहरु मध्ये व्यवस्थापन समितिले मनोनित गरेको एकजना - सदस्य

विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना-सदस्य

विद्यालयको प्रधानाध्यापक -सचिव

विभिन्न साहित्यको पूनरावलोकन गर्दा सबै विद्यालयहरूमा सामाजिक परीक्षण गर्नु पर्ने,विद्यालयहरूमा सामाजिक परिक्षणको निर्माण र कार्यान्वयनमाप्रधानाध्यपकले ६ सदस्यीय समिति बनाई शिक्षक अभिभावक संघको सहभागितामा असोज १५ भित्र सामाजिक परीक्षण प्रतिबेदन विद्यालय निरिक्षक वा स्रोतव्यक्तिलाई बुझउनु पर्ने देखिन्छ।

यस्तो लेखा परीक्षण तथा सामाजिक परीक्षणमा सहभागीता नहुने कारणले आर्थिक परदर्सित शैक्षिक गुणस्तरमा गुनासो छ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

प्रस्तुत सिद्धान्तहरू र साहित्यहरूले सामुदायिक विद्यालयमा सामाजिक परीक्षणको निर्माण गर्न र कार्यान्वयन गन सहयोग गर्दछ ।विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रशासकको महत्वपूर्ण कार्य हो । सफल प्रशासकले हरेक कदममा सामाजिक परीक्षण बनाई कार्यान्वयन गर्नुपर्दछ । सामाजिक परीक्षणको कार्यान्वयन गर्न समुदायको ठूलो हात हुन्छ । विद्यालयलाई सही दिशामा अघि बढाउन, सामाजिक परीक्षण निर्माण गरी कार्यान्वयन गर्नविद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ भूमिका के रहन्छ भन्ने र त्यस क्षेत्रको परिवेशको वास्तविकता थाहा पाउन यो अध्ययन सान्दर्भिक छ।

सरकारद्वारा अनुदानप्राप्त विद्यालयहरुको व्यवस्थापनको जिम्मा समुदायलाई दिने सरकारको नीति अनुरुप विद्यालय व्यवस्थापनको जिम्मा समुदायलाई दिइदैं आएको छ। समुदायमा हस्तान्तरण भएका र हुन बाँकी विद्यालयहरु समेतमा विद्यालय सञ्चालन गर्न रेखदेख गर्न र सामाजिक परीक्षण गर्न गराउँन समेत सहायागी सिद्ध हुने देखिन्छ। सामाजिक परीक्षण गर्ने विधि, प्रक्रिया तथा कार्यान्वयनमा रुचि राख्ने सरोकारवालालाई यस अनुसन्धान कार्यले सहयोग गर्ने छ। सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा क कस्को सहभागिता गराउँदा प्रभावकारी बनाउन सकिन्छ भन्ने विद्यालयको शैक्षिक स्तर सुधार्न इच्छुक प्रशासक, व्यवस्थापक, शिक्षक, कर्मचारी, अभिभावक सबैका लागि उपयोगी हुने देखिन्छ। सामाजिक परीक्षण निर्माण तथा कार्यान्वयनमा शिक्षक अभिभावक संघको सहभागिताको स्थिति कस्तो रहेकोछ, शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा यसको प्रभाव कस्तो छ, सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा के के समस्याहरु छन् र विद्यालयको सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा शिक्षक अभिभावक संघको भूमिका बृद्धि गर्ने उपायहरूको अध्ययन गर्नु सान्दर्भिक देखिएकोले यो शोध अध्ययन महत्वपूर्ण हुनेछ।

# परिच्छेद तीनः अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

विद्यालयमा निर्माण गरिने सामाजिक परीक्षण र त्यसको प्रभावकारीता कार्यन्वयनमा शिक्षक अभिभावक संघको भूमिका अध्ययन गर्न यो अनुसन्धान गरिएको छ । यो सर्भेक्षणमा आधारीत विश्लेषणात्मक अध्ययन विधि हो । यस अध्ययनमा प्राप्त तथ्याङ्कहरुको व्याख्या विश्लेषण गर्दा परिणात्मक रगुणात्मक ढाँचालाई प्रयोग गरी अध्ययनको निश्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## ३.२ जनसंख्या

कुनै पनि विषयमा गरिने अध्ययनले लागि सो विषयसंग सम्बन्धित सम्पूर्ण जनसंख्यालाई प्रभाव पार्दछ । प्रस्तुत विषयको अध्ययन मोरङ्ग जिल्लाको बाहुनी स्रोतकेन्द्रमा रहेका विद्यालयहरूमा कार्यरत प्र.अ., शिक्षक-शिक्षिका, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, स्रोतव्यक्ति र विद्यार्थीहरू गरी ११५ जना अध्ययनमा संलग्न गराइएको छ ।

## ३.३नमूना छनौट

यस अध्ययनका लागि नमूना छनौटमा परेका डांगिहाट स्रोतकेन्द्र अन्तरगतका उ.मा.वि. २, नि.मा.वि.२ र प्रा.वि. २ वटा गरी जम्मा ६ वटा सरकारी विद्यालयहरू लिइएको छ ।

### ३.३.१ नमूनाको आकार

यस अध्ययनमा  विद्यालयहरू कार्यरत प्राचार्यहरू २ जना, प्रधानाध्यपकहरू ४ जना, शिक्षक-शिक्षिकाहरू ३० जना, शिक्षक अभिभावक संघका पदाधिकारीहरू १८ जना, स्रोतव्यक्ति १ जना र  विद्यार्थीहरू ६० जना गोलाप्रथा विधिबाट छनौट गरिएको छ ।

### ३.३.२ नमूना छनौट विधि

यस अध्ययनका लागि स्रोतव्यक्ति, शिक्षक अभिभावक संघ र विद्यालयका प्राचार्य तथा प्रधानाध्यपकका लागि उद्देश्यमूलक नमूना छनौट गरिएको छ । विद्यालयको छनौट गर्दा तहगत भौगोलिकता, विद्यालयको आर्थिक अवस्था आदिलाई ध्यान दिइ सबैको प्रतिनिधित्व

हुने गरी छनौट गरिएको छ । विद्यार्थीको छनौट गर्दा भौगोलिकता, जातियता, पढाइको अवस्थालाई ध्यान दिइ समानुपातिक प्रतिनिधित्व हुने गरी सम्भावनायुक्त नमूना छनौट गरिएको छ ।

### ३.३.३ नमूना छनौटको अधार

अध्ययनलाई पक्षपात हुनवाट बचाउनु, तथ्याङ्क तथ्यपरक, वस्तुनिष्ट, तथ्यपूर्ण र विश्वासनीय बनाउँनु, सीमित स्रोत, साधन प्रयोग गरि सूचना तथ्य र प्रमाण्कि बनाउँनु नमूना छनौट विधिको अधार लिइएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

यस अध्ययनलाई पूरा गर्न अपनाइएका अनुसन्धानका साधनहरू :

### ३.४.१ प्रश्नावली

अभिभावक संघका अध्यक्ष तथा सदस्यहरू, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुलाई बन्ध प्रश्नावली भराइएको छ । प्रश्नावलीहरुलाई अनुसूची नं. १,२,३,४मा राखिएको छ ।

### ३.४.२ अन्तर्वार्ता निर्देशिका

विद्यालय सामाजिक परीक्षण निर्माण र कार्यान्वयनका विषयमा शिक्षक अभिभावक संघको अध्यक्ष, सदस्य, प्र.अ. र अभिभावकसंग प्रत्यक्ष सम्पर्क स्थापना गरी अर्न्तवार्ता लिईएको छ ।

### ३.४.३ लक्षित समूह छलफल

शोधकर्ताले शिक्षक अभिभावक संघका पदाधिकारीहरु, वि.व्य.स. पदाधिकारीहरु, अभिभावक, प्र.अ. र विद्यार्थीहरुसंग समूह छलफल र अन्तरक्रिया गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरु

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कका स्रोतहरु अन्तरगत छलफल, अर्न्तवार्ता सूची, प्रश्नावली र स्थलगत सर्वेक्षण फारमवाट संकलन गरिएको तथ्याङ्क र द्वितीय स्रोत

अन्तरगत विद्यालयमा रहेका निर्णय पुस्तिका, वार्षिक प्रगति विवरण, सामाजिक परीक्षणहरुको फायल, शोधपत्र, पत्रपत्रिका, लेख रचना र विद्यार्थी विवरण रेकर्डहरूको आधारमा द्वितिय स्रोत संकलन गरिएको छ।

### ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनको लागि अध्ययनकर्ता स्वयंम् विद्यालयमा उपस्थित भएर प्राचार्य, प्रधानाध्यपक., शिक्षक,शिक्षक अभिभावक संघका पदाधिकारी र विद्यार्थीहरूसंग छलफल, अर्न्तवार्ता र प्रश्नावलीहरूका अधारमा राय, सुझव र प्रतिक्रियाहरू संकलन गरिएको छ। द्वितीय स्रोतका लागि विद्यालयमा रहेका निर्णय पुस्तिका, सामाजिक परीक्षणहरुको फायल, विद्यार्थी विवरण र विद्यार्थीका प्राप्ताङ्कका अभिलेखहरूवाट तथ्याङ्क संकलन गरिएको छ। प्राकृतिक तथ्य एवं सुचनाहरु प्रधानाध्यापक, शिक्षक, शिक्षक आभिभावक संघका पदाधिकारीहरु, विद्यार्थीहरू र अभिभावकहरूका धारणाहरू, विचारहरू र प्रतिक्रियाहरूवाट संकलन गर्ने काम गरिएको छ।

### ३.७ तथ्याङ्क विश्लेषण विधि

तथ्याङ्कलाई सही रुपमा बुझ्न बुझाउन यसको विश्लेषण गरिनु पर्दछ। विश्लेषण नगरिएको तथ्याङ्क आफैंमा पूर्ण भएको मानिदैन। त्यसैले यो अनुसन्धान "विद्यालयको सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका" शीर्षकमा प्रस्तावना निर्माण गरि उद्देश्यका आधारमा प्राप्त तथ्याङ्कलाई संकलन गरिएको छ। संङ्कलित तथ्याङ्कलाई विषयवस्तु अनुसार उद्देश्यसंग मेल खाने गरी एकिकृत गरेर तालिकामा, स्तम्भमा, वृत्त चित्रमा र प्रतिशतमा प्रस्तुतिकरण तथा ब्याख्या गरिएको छ। यससंग सम्बन्धित सन्दर्भ सामग्री, अर्न्तवार्ता, व्यक्तिगत अनुभव, अनुभूतिहरू, स्थलगत निरीक्षण र अन्तरक्रियाबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गर्ने कार्य गरिएको छ।

# परिच्छेद चारः नतिजाको छलफल

यस अनुसन्धानमा सामुदायिक विद्यालयका सरोकारवालाहरूवाट सामाजिक परीक्षण निर्माण र कार्यान्वयनमा सहभागिता, सिकाई उपलब्धिमा यसको प्रभाव र समस्याहरूको विषयमा अन्तरवार्ता, छलफल, प्रश्नावली र अन्तरक्रियाका माध्यमवाट तथ्यपरक सूचनाहरू संकलन गरेर गुणात्मक र परिणात्मक ढाँचामा ब्याख्या विश्लेषण गरि निष्कर्ष निकालिएको छ ।

## ४.१ विद्यालयको सामाजिक परीक्षणको अवस्था

शोध अध्ययनको क्रममा छानिएका बाहुनी स्रोतकेन्द्र विद्यालयको वर्तमान सामाजिक परीक्षणको अवस्थाको विवरणा तलका तालिकाहरुबाट स्पष्ट पारिएको छन् । शोध अध्ययनका लागि छनौट भएको बाहुनी स्रोतकेन्द्र विद्यालयको नाम, ठेगाना र अन्य विवरणहरु यस प्रकार छन्:

तालिका १ : विद्यार्थी, शिक्षक, शिक्षक अभिभावक संघ र सामाजिक परीक्षणको अवस्था

| क.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक अभिभावक संघ भएको | सामाजिक परीक्षणभएको |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी उ.मा.वि. डाँगिहाट | ३१ | ११७५ | ✓ | ✓ |
| २. | कालि उ.मा.वि. डाँगिहाट | २७ | ९०१ | ✓ | ✓ |
| ३. | दिप ज्योति नि.मा.वि डाँगिहाट | ११ | ३०१ | ✓ | ✓ |
| ४. | रणपाल नि.मा.वि डाँगिहाट | १३ | २७९ | ✓ | ✓ |
| ५. | ज्ञानोपार्जन प्रा.वि. डाँगिहाट | ५ | १५१ | ✓ | ✓ |
| ६ | एकता प्रा.वि. डाँगिहाट | ६ | २९५ | ✓ | ✓ |

स्रोत : विद्यालयको तथ्यांक फारम २०७१

बाहुनी स्रोतकेन्द्र का कुल २ वटा उच्च मा.वि., वटा, २ नि.मा.वि. र २ वटा प्रा.वि. लाई अध्ययनको क्रममा छनौट गरिएको छ । तालिका १ का विद्यालयहरुमा शिक्षा नियमावलीमा व्यवस्था भए अनुरुपक सबै विद्यालयमा व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भइ विद्यालयको सञ्चालन, रेखदेख, सहयोग भइरहेको पाइयो ।

समितिका अध्यक्षहरु र सदस्यहरूसँगको प्रत्यक्ष छलफल गर्दा अनुभवी, सक्षम, सक्रिय भएर कार्यभार समहालेको पाइयो । विद्यालयका प्राचार्यहरु, प्रधानाध्यपकहरू र शिक्षकहरू पनि अनुभवी, तालिम प्राप्त र सक्रिय रहेको अवस्था छ । तालिका १ मा भएका सबै विद्यालयहरूमा सामाजिक परीक्षण भएको पाइयो ।

### ४.१.१ शिक्षक अभिभावक संघको सामाजिक परीक्षणमा सहभागिता

विद्यालय एक सामाजिक संस्था हो । यो सामुहिक प्रयत्नबाट सही दिशामा अघि बढ्न सक्दछ । विद्यालयमा गरिने सबै क्रियाकलापहरू प्राचार्य, शिक्षक अभिभावक संघ र विद्यार्थीहरुको सक्रिय सहभमगितामा सम्पन्न गर्दै उपलब्धिमूलक हुन पर्दछ । यो अनुसन्धानमा विद्यालयको सरोककारवालाको सहभागिताको स्थिति अध्ययन गरिएको छ । विद्यालयको समग्र स्थितिमा सुधार ल्याउन विद्यालय तहमा विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने गरिएको छ । योजना कार्यान्वयन गर्न अभिभावक, शिक्षक, कर्मचारी र प्रधानाध्यापकको महत्वपूर्ण भूमिका रहेको छ, तसर्थ शिक्षक अभिभावक संघको सामाजिक परीक्षणमा सहभागिताको र कार्यान्यवनको स्थितिलाई देहायका उप शीर्षकमा व्याख्या गरिएको छ ।

### ४.१.२ विद्यालयहरूको सामाजिक परीक्षणमा सहभागिताको अवस्था

विद्यालय समुदायका बालबालिकाहरुको भविष्य निमार्ण गर्ने थलो हो । विद्यालय समुदायमा रहेको हुन्छ । विद्यालयको आर्थिक, भौतिक र शैक्षिक गतिविधिमा समुदायको प्रत्यक्ष सरोकार रहेको हुन्छ । अभिभावकहरुले विद्यालयहरुमा भइरहेको गतिविधि थाहापाई रहेका हुन्छन् । साथै विद्यालयमा के गर्ने र कसरी गर्ने भन्ने विषयमा समेत अभिभावकहरुको छलफल र उपस्थिति रहन सकेमा विद्यालयको लक्ष्य र उद्देश्य हासिल गर्न थप टेवा मिल्दछ । विद्यालयको योजना तर्जुमा, कार्यान्वयन र प्रतिफल मूल्याङ्कन चरणमा सरोकारवालाहरुलाई संलग्न गराई छलफल चलाउनू मूल्याङ्कनका गर्नु, लेखाजोखा गर्नु, सुझावहरु प्राप्त गरी प्रभावकारी कार्यान्वयन गर्नु प्रधानाध्यापकहरुले समय सापेक्ष आफ्ना कार्य शैलिहरु परिवर्तन गनु परेको छ ।छ वटा विद्यालयका प्रधानाध्यापकहरुले शैक्षिक वर्ष २०६९-२०७० सम्मको सामाजिक परीक्षण गराएको र यस कार्यमा शिक्षक अभिभावक संघको सहभागिता भएको छ । यस सम्बन्धमा श्री लक्ष्मी उ.मा.वि. डाँगिहाटका प्राचार्यका अनुसार

विद्यालयहरूले सामाजिक परीक्षण अनिवार्य गनुपर्दछ । म नियमित रुपमा सामाजिक परीक्षण गराउँदै आएको छु । यसले विद्यालयको चौतर्फि विकासमा सहयोग पुग्दछ । आर्थिक पारदर्सिता गराउँदछ, विद्यार्थीको सिकाई उपलब्धि बढाउन र आर्थिक सहयोग जुटाउन सकिन्छ ।

शैक्षिक कार्यक्रमको विभिन्न पक्षहरू रहेका हुन्छन् । सामाजिक परीक्षण पनि एउटा महत्वपूर्ण पक्ष भएकोले यसको सहभागितको अवस्था छ वटै विद्यालयहरूले सम्पन गरेका छन् ।

तालिका २ : विद्यालयहरूको सामाजिक परीक्षणमा सहभागिताको अवस्था

| क.सं. | सूचकहरू | प्र.अ. | शिक्षक | अभिभावक | शि.अ.सं. |
|---|---|---|---|---|---|
| १ | न्यून सहभागिता | ०% | ६८.८% | १८.८% | १२.४% |
| २ | सक्रिय सहभागितामा | १००% | ३०% | २०% | ७०% |
| ३ | सन्तोषजनक सहभागितामा | ०% | १२.२% | ६०.२% | १७.६% |
| जम्मा | | १००% | १००% | १००% | १००% |

तालिका २ अनुसारप्र.अ., शिक्षक, अभिभावक र शि.अ.सं. ले भरेको प्रश्नावलीको आधारमा शि.अ.सं. पदाधिकारीको न्यून सहभागितामा १२.४%,अभिभावकको न्यून सहभागिता, प्र.अ न्यून सहभागितामा नरहेको र अभिभावकको न्युन सहभागिता १८.८% रहेको छ । शि.अ.सं. पदाधिकारीको सक्रिय सहभागितामा ७०%,अभिभावकको सक्रिय सहभागिता २०%, प्र.अ सक्रिय सहभागितामा १००% र शिक्षकको सक्रिय सहभागिता ३०% रहेको छ ।सहभागीले पदाधिकारीको उपस्थिति सक्रिय रहेको र ६८.८% सहभागीले शि.अ.सं. पदाधिकारीको सहभागिता सन्तोषजनक रहेको उल्लेख गरेका छन् । माथिको तालिकामा उल्लेख भए जस्तै २०% प्र.अ. ले, अभिभावक र शि.अ.सं. ले अत्यन्तै सहयोग गरेको, १०% प्र.अ. आफैंले मात्र गर्नुपरेको भर्ना न्यून रहेको प्रतिक्रिया दिएका थिए । प्र.अ. तथा शिक्षकसंगको ठुलो हिस्साले शि.अ.सं. ले योजना कार्यान्वयनमा सन्तोषजनक तवरले सहयोग गरेको बताएका थिए । हाल गठन भएको अभिभावक र शि.अ.सं. छनौट र

कार्यन्वयनमा के कति सक्षम छ भनी प्रश्नावलीमा भराइ अनुसार ६ जना प्र.अ. मध्ये ४ जनाले अर्थात ६६.४% ले सक्षम भएको १ जनाले थप तालिमको अवसर दिलाउनु पर्ने र १६.६% प्र.अ. ले सक्षम नभएको जवाफ दिनुभयो । त्यसैगरी १० जना शिक्षकमा ७ जनाले शि.अ.स.. सक्षम भएर काम गरिरहेको बतायनु भयो भने ८०% वि.व्य.स. पदाधिकारीले स-सना बिद्यालयस्तरका कार्यान्यनमा सहयोग गर्न सक्ने जानकारी दिनुभयो ।

मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तमा मानवको शारिरीक सुरक्षात्मक आवश्यतापछि व्यक्ति सामाजिक संलगनता तथा सक्रियता बढाउने, सामाजिक सुविधा र कार्यप्रति उन्नमुख बन्छ भने झैं विद्यालयप्रति चासो ाख्ने आम अभिभावक र उनीहरुको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको सन्तोषजनक सहभागिता छ भने प्र.अ. शिक्षक र शि.अ.सं. का पदमधिकारीको विश्लेषणबाट संगठन सफल बनाउन अभिभावकको भुमिका सन्तोषजनक पाउन सकिन्छ ।

### ४.१.३ शिक्षक अभिभावक संघको सामाजिक परीक्षणमा सहभागिताको अवस्था

विद्यालयको योजना तर्जुमा, कार्यान्वयन, प्रतिफल मूल्याङ्कन र शिक्षण सिकाईका चरणमा सरोकारवालाहरुलाई संलग्न गराई छलफल गर्न, सुझावहरु लिन र प्रभावकारी कार्यान्वयन गर्न प्रधानाध्यापकहरुले शिक्षा नियमावली अनुसार प्रत्येक विद्यालयमा एउटा शिक्षक अभिभावक संघको गठन गरिएको हुन्छ । शिक्षक अभिभावक संघलाई सामाजिक परीक्षण निर्माण गराउन, सार्वजनिक गराउँन र स्रोत ब्यक्ति मार्फत विद्यालय निरिक्षक सामक्ष पेश गर्न छ वटा विद्यालयका प्रधानाध्यापकहरुले सहभागिता गराएको पाइएको छ ।

छ वटा विद्यालयका प्रधानाध्यापकहरुले शैक्षिक वर्ष २०६९-२०७० सम्मको सामाजिक परीक्षण सम्बन्धि कार्यमा शिक्षक अभिभावक संघको सहभागिता गराईएको छ । यस सम्बन्धमा श्री दिप ज्योति नि.मा.वि डाँगिहाटका प्रधानाध्यापककाअनुसार

> सामाजिक परीक्षण गराउँदा शिक्षा नियमावली अनुसार प्रत्येक विद्यालयमा एउटा शिक्षक अभिभावक संघको गठन गरि नियमित रुपमा सामाजिक परीक्षण गराउँनु पर्दछ । यसले विद्यालयको विभिन्न पक्षको विकासमा सहयोग पुग्दछ । म आर्थिक पारदर्सिता गराउँन अभिभावक संघलाई सामाजिक परीक्षणको सबै काममा गराउँदै आएको छु ।

शैक्षिक कार्यक्रमकमा विद्यार्थीको सिकाई उपलब्धि बढाउने र आर्थिक सहयोग जुटाउने महत्वपूर्ण कार्यमा सामाजिक परीक्षणले भूमिका खेल्ने हुदा सामाजिक परीक्षणमा छनौटमा परेका सबै विद्यालयले शिक्षक अभिभावक संघको सहभागिता गराईएको छ ।

शोध अध्ययनका लागि छनौट भएको बाहुनी स्रोतकेन्द्र सबै विद्यालयहरूले सामाजिक परीक्षण समिति गठन भएको छ । सामाजिक परीक्षणमा निम्न उपस्थितिले सहभागितको अवस्थालाई प्रष्ट पारेको छ ।

तालिका ३ : शिक्षक अभिभावक संघका पदाधिकारीको उपस्थिति

| क.स | विद्यालयको नाम | अध्यक्ष | सदस्यहरू | सदस्य सचिव | महिला सदस्य | जम्मा | कुल बैठक संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | लक्ष्मी उ.मा.वि. डाँगिहाट | २५ | २६ | २६ | १७ | ८० | २६ |
| २. | कालि उ.मा.वि. डाँगिहाट | २८ | २७ | २५ | १६ | ८२ | २८ |
| ३. | दिप ज्योति नि.मा.वि डाँगिहाट | २५ | २५ | २४ | १८ | ११२ | २६ |
| ४. | रणपाल नि.मा.वि डाँगिहाट | २२ | २४ | २२ | १९ | १०५ | २४ |
| ५. | ज्ञानोपार्जन प्रा.वि. डाँगिहाट | २३ | २३ | २२ | १६ | ९१ | २३ |
| ६ | एकता प्रा.वि. डाँगिहाट | २५ | २४ | २३ | १५ | ६५ | २५ |
| | कुल जम्मा | १४८ | १४९ | १४२ | १०१ | ५३५ | १५२ |
| | औषतमा | २४.६ | २४.८ | २३.६ | १६.८ | १०७ | २५.३ |
| | प्रतिशत | ९७.३% | ९८.०२% | ९३.२८% | ६६.४ % | | १०० % |

स्रोत : विद्यालयको निर्णय पुस्तिका २०६९ र २०७०

अध्ययनको क्रममा छनौट गरिएका ६ वटा विद्यालयहरुमा शै.व. २०७० र २०७१ मा जम्मा १५२पटक बैठक बसेको थियो । यसमा शिक्षक अभिभावक संघका अध्यक्ष र सदस्य सचिवको उपस्थिति १४८ पटक देखिएको छ । शिक्षक अभिभावक संघका अध्यक्ष र सदस्य सचिवको उपस्थिति सबै भन्दा धेरै रहेकोछ । तसर्थ १५२ पटकको कुल बैठक संख्यामा १४८ पटक विद्यालयको बैठकमा उपस्थित भएको विद्यालयको निर्णय पुस्तिकाबाट

प्रमाणित हुन्छ, यो उपस्थिति ९७.३% हो । बैठकमा महिला प्रतिनिधिको भने १०१ वटा बैठकमा उपस्थिति देखिएको छ, जुन ६६.४% हो । महिलाहरु घरायसी काममा व्यस्त हुनाले बैठकमा कम उपस्थिति देखिएको छ । समितिका अन्य सदस्यहरुको उपस्थिति ७०.३% रहेको छ ।

माथिको तालिका अनुसारको उपस्थिति प्रतिशतले सामाजिक मागको सिद्धान्त अनुसार समाजको इच्छा, आवश्यकता र स्थितिको पहिचानका आधारमा शैक्षिक प्रणाली विकास गर्ने, सोअी अनुरुपको शैक्षिक संरचना निमार्ण र विकास गर्नेकार्यमा अभिभावकको संलग्नतासन्तोषजनक रुपमा रहेको छ ।

### ४.१.४विद्यालयहरूको सामाजिक परीक्षण प्रक्रियाको विश्लेषण

विद्यालय समुदायमा रहेको हुन्छ । विद्यालयले समुदायका लागि आवश्यक सीप र योग्यता भएको जनशक्ति दिन्छ, भने समुदायिक विद्यालयलाई आर्थिक, भौतिक र शैक्षिक रुपमा सुदृढ बनाउन विभिन्न प्रकारका सहयोगहरू उपलब्ध गराउँछ । विद्यालयको योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र शिक्षण सिकाईका चरणमा सरोकारवालाहरुलाई संलग्न हुने अवसर दिएर छलफलमा सामेल गरी सुझावहरु लिनु पर्दछ । प्रधानाध्यापकहरुले नियमानुसार सामाजिक परीक्षण सम्बन्धि कार्यमा विद्यालयको सबै क्रियाकलापमा सहभागि गराउँनु पर्दछ । हाल सबै सामुदायिक विद्यादयहरूमा शैक्षिक सत्र २०६३ साल देखि अनिवार्य रुपमा सामाजिक परीक्षण गर्ने सरकारी कानुनी व्यवस्था गरेको छ । सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघलाई के कसरी सहभागि गराईन्छ भनि अनुसन्धान गर्दा वास्तवमा विद्यालयलाई सुधार गर्ने अभिप्रायले सामाजिक परीक्षणलाई कार्यान्वयनमा ल्याएको हो । यसले विकेन्द्रीकरणको अवधारणालाई कार्यान्वयनमा ल्याउन सामाजिक परीक्षण निर्माण र कार्यान्वयनको जिम्मेवारी स्थानीय विद्यालय र समुदायलाई प्रदान गरिएको देखिन्छ ।सामाजिक परीक्षण सम्बन्धि कार्यमा शिक्षक अभिभावक संघको सहभागिता बारे छलफल गर्दा श्री काली उ.मा.वि. डाँगिहाटका प्राचार्यका अनुसार

> सामाजिक परीक्षण अहिले सबै सामुदायिक विद्यालयहरूमा कानुनमा व्यवस्था गरी अनिवर्य गरिएको छ । सामाजिक परीक्षण गर्न शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा अभिभावक मध्ये कम्तिमा एक जना महिला पर्ने गरी दुई जना, सम्बन्धित वडाको वडा अध्यक्ष एक जना, शिक्षक अभिभावक संघले

तोकेको वुद्धिजिवि मध्ये एक जना, प्रधानाध्यपकले सदस्य सचिवको रुपमा तोकेको एक जना शिक्षक गरी ६ सदस्यीय सामाजिक परीक्षण समिति रहने कानुनी व्यवस्था गरेको छ । यसरी गठित सामाजिक परीक्षण समितिले प्रत्येक आर्थिक वर्षको अधिल्लो सामाजिक परीक्षणको प्रतिबेदनले सुझब गरेका कुराहरूलाई कार्यन्वयन गर्दा, सामाजिक परीक्षण प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र सम्पन्न गरी अभिभावक भेलामा सावर्जनिक गराउँदा, सम्बन्धित विद्यालय निरिक्षक वा स्रोतव्यक्तिलाई उक्त प्रतिबेधन बुझाउँदा शिक्षक अभिभावक संघलाई सहभागि गराइएको छ ।मेरो विद्यालयको सामाजिक परीक्षणको अभिलेख भदै १५ गते भित्रमा राखि सकिएको हुन्छ ।

शोध अध्ययनका लागि छनौट भएको बाहुनी स्रोतकेन्द्र सबै विद्यालयहरूले विद्यालयको समग्र भौतिक, शैक्षिक र आर्थिक अवस्था, छात्र छात्रा अनुपात, विद्यार्थी शिक्षक अनुपात, शिक्षक उपस्थिति आदि सूचकहरूको आधारमा सामाजिक परीक्षण गराएका छन् । सामाजिक परीक्षण समिति निर्माण गराउँदा देखि प्रतिवेदन सार्वजनिक गराउँदा सम्म शिक्षक अभिभावक संघको सहभागिता गराइएको छ ।

**क) अभिभावक संघ र निर्णयहरुको विश्लेषण**

विद्यालय व्यवस्थापन समितिको नियमित बैठक सामान्यता दुई महिनामा एक पटक बस्ने नियामावली व्यवस्था गरिएको छ । स्थलगत अध्ययनको क्रममा अभिभावक र शिक्षक अभिभावक संघका अध्यक्ष र प्र.अ. लाई सोधिएको प्रश्नावली अनुसार, विद्यालयको आवश्यकता अनुसार वि.व्य.स. को बैठक बसी निर्णय गरेको जवाफ दिनु भएको छ । शैक्षिक वर्ष २०६९ र २०७० मा बसेको वि.व्य.स. को बैठकमा शिक्षक अभिभावक संघकापदाधिकारीको सहभागिता विवरण यसप्रकार छ :

तलिका ४ : वि.व्य.स.को बैठक र निर्णयमा शिक्षक अभिभावक संघका पदाधिकारीको सहभागिता

| क.स | विद्यालयको नाम | शिक्षक अभिभावक संघका पदाधिकारीको सहभागिता | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | बैठक संख्या | भौतिक निर्णय | शैक्षिक निर्णय | प्रशासनिक निर्णय | अन्य निर्णय | अन्य निर्णय | |
| १. | लक्ष्मी उ.मा.वि. डाँगिहाट | २६/ २० | ३२/ | ३२/ | २४ | ३४ | १० | १३२ |
| २. | कालि उ.मा.वि. डाँगिहाट | २८ | ३६ | २८ | ३० | ३६ | १५ | १४६ |
| ३. | दिप ज्योति नि.मा.वि डाँगिहाट | २६ | २५ | २० | २५ | २८ | १४ | ११२ |
| ४. | रणपाल नि.मा.वि डाँगिहाट | २४ | २४ | १७ | २२ | २६ | १६ | १०५ |
| ५. | ज्ञानोपार्जन प्रा.वि. डाँगिहाट | २३ | १४ | १७ | १४ | २४ | १२ | ८१ |
| ६. | एकता प्रा.वि. डाँगिहाट | २५ | १८ | १८ | १३ | २७ | १६ | ९२ |
| ७. | निर्णय संख्या | १५२ | १४९ | १३२ | १२८ | १७६ | ८० | ६६८ |
| ८. | औषत | २५.३ | २४.८ | २२ | २१.३ | २९.३ | १३.३ | १११. ३ |
| ९. | औषत प्रतिशत | | २२.२% | १९.७% | १९.९% | २६.३% | ११.९% | |

स्रोत : विद्यालयको निर्णय पुस्तिका २०६९ र २०७० बाट

माथिका तालिका अनुसार विद्यालयमा सबैभन्दा बढी १७६ निर्णय आर्थिक निर्णय भएका छन् । कुल निर्णयको २६.३% हो । यसैगरी विद्यालयमा विद्यालयको भौतिक निर्माणका लागि १५५ वटा निर्णय ६ वटा विद्यालयमा भएको विद्यालयको वि.व्य.स. को निर्णय बाट स्पष्ट हुन्छ । यसप्रकार विद्यालयको भौतिक, आर्थिक र शैक्षिक निर्णय गर्दा विद्यालय र वि.व्य.स. बीच छलफल हुने गरेको पाइयो ।

## ख) सहभागिता सम्बन्धी प्र.अ. बाट प्राप्त प्रतिक्रिया

अभिभावक र वि.व्य.स. को बैठक बोलायने तर उपस्थिति न्यून हुने सामुदायिक विद्यालयको समस्या हुने गर्छ। यसमा अध्ययन गरिएका ६ वटा विद्यालयमा २०६९/२०७० मा उपस्थित त्यति निराशजनक पाइएन। न्यून उपस्थिति हुने महिला सदस्य समेतको उपीथति ६६.४% पाइयो। यसैगरी सोधकर्ताले प्र.अ. लाई भराइएको प्रश्नावलीमा वि.व्य.स. पदाधिकारीको उपस्थिति कस्तो छ भनी सोधिएको प्रश्नमा निम्न जवाफ पाइयो।

**तालिका ५: प्रधानाध्यापक बाट प्राप्त प्रतिक्रिया**

| प्रतिक्रियाको विवरण | प्र.अ. संख्या | प्रतिशत |
|---|---|---|
| सन्तोषजनक | ५ | ८३.४% |
| अप्रर्याप्त | १ | १६.६% |
| अति राम्रो | X | X |
| सहयोग भएन | X | X |

स्रोत : शोध अनुसन्धान प्रश्नावली, २०७२

## ग) सहभागिता सम्बन्धी वि.व्य.स. र अभिभावकको प्रतिक्रिया

विद्यालयका व्यवस्थापन सकितिका अभिभावक पदाधिकारी र अन्य अभिभावकलाई वि.व्य.स. बैठकमा र कार्यान्वयनमा केन्द्रित रहेर प्रश्नावली मार्फत तथ्याङ्क संकलन गरिएको छ। प्रश्नावलीमा भएका वि.व्य.स. को सहभागिता र निर्णय सम्बन्धी ५-५ वटा प्रश्नहरुको प्रतिक्रियालाई मात्र समेटिएको छ। वि.व्य.स. पदाधिकारी र अभिभावकहरुबाट प्राप्त प्रतिक्रियाको आधारमा र कार्यान्वयनमा वि.व्य.स.को सहभागिताको विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ।

अनुसूची ५ मा अभिभावक र वि.व्य.स. का सदस्य तथा अध्यक्ष मध्ये ८०% ले विद्यालयको पूर्वाधार मध्यम खालको छ  भन्ने प्रतिक्रिया प्राप्त भएको छ । विद्यालयको शैक्षिक राम्रो बनाउने हो भने विद्यालयको अति आवश्यक पूर्वाधार निर्माणमा जोड दिए । प्रक्रियामा प्र.अ. का प्रस्तावहरु छलफल गरेर विद्यालयको आवश्यकता र समुदायको अनुसारका योजना अनुमोदन गर्ने ९०% सदस्यको प्रतिक्रिया रह्यो भने अर्को अभिभावक मध्ये ३०% ले मात्र आफूसंग परामर्श लिने गरिएको प्रतिक्रया दिए । विद्यालय भइरहेको बेला (भवन, चर्पी, फर्निचर निर्माण हुदा) ७ जना वि.व्य.स. सदस्यले समितिले र निर्माण समितिले अनुगमनको पालो मिलाएको  प्रतिक्रिया दिए । तर्फ १०% वि.व्य.स. पदाधिकारीले अनुगमन समितिबाट नभएको र प्र.अ. आफैंले निर्माण सहभागि बनेको जवाफ पाइयो । यस प्रकार माथिको तथ्याङ्कबाट के भन्न सकिन्छ । विद्यालयको निर्णय प्रक्रियामा निरंकुश प्रशासकको निर्णय लागु हुने परिस्थितिमा क्रमश सुधारलाई सरोकारवालाको पनि सहभागितामा सहभागित्माक निर्णय (Participatory decisic  making ) गर्ने दिशामा समुदायिक विद्यालय अग्रसर भएको पाइयो ।

### घ) प्र.अ. र शिक्षकहरुबाट प्राप्त प्रक्रिया

अभिभावक र वि.व्य.स. पदाधिकारीहरुको सम्बन्धी बैठकमा सहभागिता सम्बनधी अध्ययन गर्दा अनुसुची २ र ३ मा देखाइएको प्रश्नावली अनुसार अनुसुची ७ बमोजिमका प्र.अ. हरु र अनुसुची ८ बमोजिमका शिक्षकहरुबाट निम्नानुसारका जवाफ पाइयो ।

अनुसूची ६मा अभिभावक र वि.व्य.स. समितिको बैठक विद्यालयको आवश्यकता अनुरुप बढ्ने गरेको पाइयो । नमूना छनौट गरिएको विद्यालयहरुमा औषत २५.३ पटक प्रत्येक विद्यालयमा बसेको पाइयो । शिक्षा नियमावलीमा व्यवस्था भए अनुसर अभिभावक र वि.व्य.स. को बैठक २ महिनामा १ पटक कम्तीमा बस्नुपर्ने नियमको पालना भएको पाइयो । विशेष गरी विद्यालयले भौतिक योजना कार्यान्वयनको समयमा  धेरै समस्याहरु आउने हुनाले त्यसताका धेरै वटा बैठक बस्ने गरेको पाइयो । विद्यालयले बनाउने योजनामा बैठकमा छलफल गराउनु हुन्छ भन्ने प्रश्नमा १६.६ % प्र.अ. ले छलफल गराउने तर अभिभावकको छलफलमा कम सहभागिता हुने प्रतिक्रिया पाइयो भने ८३.४% प्र.अ.ले व्यापक छलपल भई निर्णय प्रक्रियामा पुगिने बताए । योजना कार्यान्वयनमा वि.व्य.स. पदाधिकारीले जनपरिचालनमा कस्तो भूमिका खेल्छन् भन्ने प्रश्नमा येनकेन काम चल्ने सम्म

सहयोग गर्छन् भन्ने प्रतिक्रिया दिने प्र.अ. ६६.८% पाइयो भने जनपरिचालन अपर्याप्त भएको प्रतिक्रिया १५.८% प्र.अ.ले दिनुभयो । यसप्रकार प्रतिक्रियालाई हेर्दा विद्यालयको र कार्यान्वयनमा सक्रिया सहभागिता जनाउन वि.व्य.स. सदस्यहरुबीच अझ छलफल गरी बढाउन आवश्यक देखिन्छ । माथिका तालिका को आधारमा शिक्षक, प्र.अ., अभिभावक र वि.व्य.स. पदाधिकारीहरुले दिएको प्रतिक्रिया हेर्दा र कार्यान्वयमा विद्यालय व्यवस्थापन समितिले जनपरिचालनमा उल्लेख सहयोग गर्ने गरेको पाइयो । Abraham Maslow को आवश्यकताको सिद्धान्त अनुसार मानिसका आवश्यकता पूरा हुनासाथ अरु धेरै आवश्यकता थपिन्छन् । असीमित आवश्यकताहरुलाई प्राथमिता क्रममा एकपछि अर्को आवश्यकता पूरा गरिन्छ भने झै विद्यालयमा उपयुक्त शैक्षिक वातावरण तयार गर्न धेरै गरी प्राथमिकताका आधारमा पूरा गर्न विद्यालय व्यवस्थापन समिति, विद्यालय परिवार र अभिभावकको सामूहिक प्रयत्न देखिएको छ ।

अभिभावक र शिक्षकको योजना कार्यान्वयनमा सहभागिता सम्बन्धी प्रतिक्रियामा ६६.८% प्र.अ. ले सक्रिय भूमिका, ७० % शिक्षकले मध्यम खालको अर्थात सन्तोषजनक जवाफ दिनु ७०% वि.व्य.स. पदाधिकारी संलग्न वि.व्य.स समितिले अनुगनमको पालो मिलाउने प्रतिक्रियाले सहभागिताको स्थितिलाई जनाउँछ । Henry Fayolको प्रशासनिक सिद्धान्त अनुसार व्यवस्थापनका आवश्यकprinciple मध्ये १४ औं नं. मा Esprit De Cropsअर्थात सहयोगी भावनाको उल्लेख गरेका छन् । संस्थामा काम गर्ने सबै सरोकारवालाको सामूहिक प्रयत्नबाट मात्र संस्थाले लिएको उद्देश्य सफल हुन्छ भने झै विद्यालयमा योजना निर्माणमा सहयोगी हुनु, स्थानीय स्रोत सामग्री परिचालनमा सहयोग गर्न अभिभावक पदाधिकारीको सन्तोषजनक छ भिन ७०% विद्यालयका प्र.अ. र शिक्षकले स्वीकार्नु सन्तोषजनक सहभागिता दर्शाउँछ । विद्यालयको उद्देश्य प्राप्तिमा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. पदाधिकारी अभिभावकको सामूहिक चासो रहेको पुष्टि हुन्छ ।

वि.व्य.स. योजना कार्यान्वयनमा भूमिकाको भूमिकाको सम्बन्धमा वि.व्य.स. पदाधिकारी, प्र.अ., शिक्षकहरुलाई सोधिएको प्रश्नको जवाफ यस प्रकार छ ।

### ४.१.५ विद्यालयहरूको सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिकको अवस्था

शोध अध्ययनका लागि छनौट भएको बाहुनी स्रोतकेन्द्र सबै विद्यालयहरूले सामाजिक परीक्षण समिति गठन गरेर सामाजिक परीक्षण प्रतिवेदन भदौ १५ भित्र

सार्वजनिक गरेको वा नगरेको खोज गर्न अनुसूची १,२ र ३ मा सोधिएको प्रश्नावलीका आधारमा प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने कार्यको अवस्था सामुदायिक विद्यालयहरूमा सुधार भएको देखिन्छ । सामाजिक परीक्षण गरेको प्रतिवेदन सम्लग्न राखेको तलब,भत्ता र अनुदान माग फारम जिल्ला शिक्षा कार्यलयमा पेश गरेमा निकासा हुने कानुनी व्यवस्था रहेको छ । विगतको सामाजिक परीक्षण गर्ने परिपाटि सिमित दायरामा थियो भने हाल आएर विधिवट सामाजिक परीक्षण समिति गठन गर्ने, यसका सूचकका आधारमा लेखा परीक्षण गर्ने र सार्वजनिक गर्ने कार्यले सामुदायिक विद्यालयहरूमा सुधार भएको पुष्टि गर्दछ ।सामाजिक परीक्षण सम्बन्धि कार्यमा शिक्षक अभिभावक संघको सहभागिताले सामाजिक परीक्षण गरी प्रतिवेदन सार्वजनिक  सम्बन्धमा छलफल गर्दा श्री काली उ.मा.वि. डाँगिहाट,लक्ष्मी उ.मा.वि. डाँगिहाटकाप्राचार्यहरूले नियमित रुपमा सार्वजनिक गरेको पाईएको छ ।

त्यस्तै दिप ज्योति नि.मा.वि. डाँगिहाट, रणपाल नि.मा.वि. डाँगिहाट, ज्ञानोपार्जन प्रा.वि. डाँगिहाट र एकता प्रा.वि. डाँगिहाटका प्रधानाध्यपकहरूले सरोकारवाला सबैलाई सार्वजनिक नगरेको भएता पनि प्रतिनिधि मूलक भेलामा सार्वजनिक गरेको पाईएको छ । अभिभावकहरूको कम चासो भएको कारण र माग फारम पेश गर्न आवश्यक हुनाले प्रतिनिधि मूलक भेलामा सार्वजनिक गरिएको प्रष्ट हुन्छ । विकेन्द्रिकरणको सिद्धान्त अनुसार सामाजिक परीक्षण सार्वजनिक गर्दा विद्यालयको भौतिक, आर्थिक र शैक्षिक पक्षमा सुधार भएको छ ।

### ४.१.७ विद्यालयहरूको सामाजिक परीक्षणका समस्याहरू

विद्यालय सञ्चालनको लागि आवश्यक भौतिक, आर्थिक र शैक्षिक पक्षमा सुधार हुन आवश्यक छ । विद्यालयहरुको भौतिक, आर्थिक र शैक्षिक पक्षमा सुधार गर्न सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्दा डाँगिहाट स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका विद्यालयमा निम्नलिखित समस्याहरूरहेको छ ।

विद्यालय सञ्चालनको लागि आवश्यक आथिक स्रोत साधन जुटाउने ।
विद्यालयको चल-अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अद्यावधिक गराई राख्ने ।
विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाँउ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालायलाई दिने ।
विद्यायमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।
प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्ले वर्षको आय-व्यय तथा शैक्षिक उपलब्धि र आगामी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने ।
विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीहरुलाई आवश्यक सुविधा उपलब्ध गराउने ।
शिक्षक तथा कर्मचारीको कल्याण कोषको व्यवस्था गर्ने ।
विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्थागर्ने र शिक्षकलाई तालिमका लागि छनौट गर्ने ।

उपरोक्त समस्याहरूशैक्षिक गुणस्तर उकास्न, भौतिक, आर्थिक क्षेत्रमा सुधार विद्यालयहरूले सामाजिक परीक्षणका क्रममा हुने अनुभव स्थलगत सर्वेक्षणवाट पाइएका छ । उपरोक्त समस्याहरूसमाधान गर्न योजनाहरुलाई प्राथमिकता क्रममा राखी साधन स्रोत जुटाएर कार्यान्वयनमा चासो देखाउने गरेको प्राचार्य, शिक्षक,शिक्षक अभिभावक संघ, अभिभावक र विद्यालय व्यवस्थापन समितिले वताएका छन्।

## ४.२. सिकाई उपलव्धिमा सामाजिक परीक्षणको प्रभाव

जिल्ला शिक्षा कार्यालयवाट निकासा लिन, शैक्षिक गुणस्तर उकास्न, भौतिक, आर्थिक क्षेत्रमा सुधार गर्न विद्यालयहरूले सामाजिक परीक्षण गराएको तथ्य सर्वेक्षणवाट पाइएको छ। सामाजिक परीक्षणले सिकाई उपलव्धिमा पारेको प्रभाव सम्बन्धमा डाँगिहाट स्रोतकेन्द्रका विद्यालयहरू छनौट गरि खोज गर्दा निम्न तथ्यहरू पाईएको छ ।

### ४.२.१ सामाजिक परीक्षणले विषयगत औषत सिकाइ उपलब्धि अवस्था

शिक्षकको मुख्य उद्देश्य विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गर्नु हो । यसै उद्देश्य अनुसारको सामाजिक परीक्षणको प्रभाव हेर्नलाई बाहुनी स्रोत केन्द्र मोरङ्गलाई आधार मानी यो अध्ययन गरिएको छ । शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावकका विचार लिनुका साथै

छनौटमा परेका सबै विद्यालयको प्राथमिक तहको कक्षा ५मा वि.सं. २०६७ र शै.व. २०७०सालको प्राप्तङ्कलाई तुलानात्मक रुपमा अध्ययन गरिएको छ। शैक्षिक बर्ष २०६७ र २०७० लाई तुलनात्मक रुपमा अध्ययन र विश्लेषण गर्दा निम्न अनुसारको प्राप्ताङ्क पाइएको छ।

तालिका नं. ६ : औषत प्राप्ताङ्कको तुलनात्मक विवरण

| साल | विषय | सामाजिक | नेपाली | गणित | अंग्रेजी | विज्ञान | शारिरीक शिक्षा | सृ.अ.कला | इच्छाधिन भाषा |
|---|---|---|---|---|---|---|---|---|---|
| शै.व. २०७० को | | ४०.८ | ४६.५ | ४२.६ | ४१ | ४३.३ | २०.८ | २४.६ | |
| शै.व. २०६७ को | | ४०.छ | ४७.८ | ४४.१ | १० | ४५.१ | २३.३ | २५.१ | |
| औषत प्रतिशत | | -०.३% | १.३ % | १.५ % | १% | १.८% | २.५ % | ०.५% | -०.३५% |

स्रोत : विद्यालयको तथ्याङ्क पुस्तिका २०७२

सर्वेक्षण गरिएका विद्यालयहरुको कक्षा ५ का विषयहरुमा शैक्षिक सत्र २०७० र २०७१ को अनुसुची अनुसार प्राप्त सिकाई उपलब्धिहरुको औषत प्राप्तङ्क निकाली तालिकामा देखिएको छ। कक्षा ५ मा पढाइ हुने शारिरीक र सृजनात्मक अभिव्यक्तिशिल कला विषयहरुको जम्मा ५०-५० पुर्णाङ्कको औषत प्राप्तङ्कलाई देखाएको छ भने अन्य विक्षयहरु १०० पूर्णङ्कमा विद्यार्थीले प्राप्त गरेको औषत विषयगत प्राप्तङ्कलाई देखाएको छ। नेपाली, गणित, अंग्रजी, शारिरीक शिक्षा, सृ.अ. कला र विज्ञान जस्ता विषयमा २०६७ र २०७० मा सम्पन्न भएको दुई ठूला भौतिक योजना अघिको तुलनामा बढेको देखिन्छ। गणितमा ४२.६ बाट औषत प्राप्तङ्क बडेर ४४.१ पुगेको देखिन्छ। यो प्राप्तङ्कमा आएको १.५% वृद्धि हो। यसैगरी नेपाली, अंग्रजी। शारिरीक, सृ.अ. कला र विज्ञान जस्ता विषयमा क्रमशः १.३%, १%, २.५%, ०.५% र १.८% ले प्राप्ताङ्कमा वृद्धि भएको देखिन्छ। अर्कोतर्फ इच्छाधिन भाषा र समाजिक जस्ता विषयमा विविध कारणले क्रमशः १% र ०.३% ले कुल प्राप्तङ्क घटेको देखिन्छ। यस विषयमा प्र.अ. तथा सम्बन्धित विषय शिक्षकसंगको छलफलमा प्राप्तङ्क प्रतिशत इच्छाधिन भाषामा घट्नुको कारण मातृभाषा नेपाली हुनु र पढिने भाषा लिम्बु र अंग्रजी भाषा हुनाले प्राप्तङ्क घटेको कारण उल्लेख गर्नुभयो।

तालिका ७ : विद्यालयगत औषत सिकाइ उपलब्धिको विवरण

| क्र.सं. | विद्यालयको नाम | औषत सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | शै.व. २०६७ | शै.व. २०७० |
| १. | लक्ष्मी उ.मा.वि. डाँगिहाट | ४२.५७ | ४३.२ |
| २. | कालि उ.मा.वि. डाँगिहाट | ४०.४२ | ४४.८ |
| ३. | दिप ज्योति नि.मा.वि डाँगिहाट | ४४ | ४२.८ |
| ४. | रणपाल नि.मा.वि डाँगिहाट | ४४.९ | ४४.२ |
| ५. | ज्ञानोपार्जन प्रा.वि. डाँगिहाट | ४४.१ | ४६.८ |
| ६. | एकता प्रा.वि. डाँगिहाट | ४३ | ४४.८ |
| | कुल औषत | ४३.०७ | ४४.४३ |

स्रोत : विद्यालयको लब्धाङ्क पुस्तिका २०७२

सर्वेक्षण गरिएका विद्यालयहरुमा योजना कार्यान्वयन भएको वर्ष २०६९ र २०७० को अघिको औषत सिकाई उपलब्धि ४३.७% रहेकोमा पछि शैक्षिक वर्ष २०७० मा औषत सिकाइ उलपब्धि ४४.४३% रहेको छ । यी दुई वर्षको औषत सिकाइ उपलब्धि वृद्धि १.३६% पाइयो । सिकाइ उपलब्धिमा न्यून वृद्धि हुनुको अन्य कारणहरुका साथसाथै र प्रभावकारी कार्यान्वयनलाई समेत श्रेय जान्छ । योजनाको निर्माण र कार्यान्वयन भएपछि विद्यालय भौतिक अवस्थामा न्यून मात्रामा भएपनि सुधार आएको पाइयो । भौतिक पूर्वाधारको निर्माण भएकोले यसले क्रमशः दिगो रुपमा सिकाई उपलब्धिमा सुधार गर्न सकिन्छ । शै.व. २०६७ र २०७० को नतिजा विश्लेषणले य सलाई पुष्टि गर्दछ ।

## ४.२.२ सिकाइ उपलब्धिमा सरोकारवालाहरुको विश्लेषण

छनौट गरिएका विद्यालयहरुको २ वर्षको योजना कार्यान्वयन पछि विद्यार्थीको सिकाई उपलब्धिमा आएको प्रभाव अध्ययन गर्न प्रश्नावली मार्फत अनुसुची ६ बमोजिमका वि.व्य.स. अध्यक्षहरु, अनसुची ७ बमोजिमका प्र.अ.हरु, शिक्षकहरु र अभिभावकहरुलाई सोधिएको प्रश्नमा दिएको प्रतिक्रिया अनुसूची ७ अनुसार रहेकोछ ।

अनुसूची ७ अनुसार विद्यालयमा योजना निर्माण गरी कार्य सम्पन्न हुँदा शैक्षिक क्रियाकलापमा सहयोग पुग्छ भन्ने प्रश्नमा ९०% वि.व्य.स पदाधिकारीबाट सुधार हुने कुरा स्वीकारेका छन् अर्को तर्फ ८३.४ % प्र.अ. ले विद्यालयको भौतिक र सिकाई उपलब्धि बढ्ने प्र.अ. ले विद्यालयको भौतिक र सिकाई उपलब्धि बढने कुरा जवाफ दिनु भएको छ। विद्यालयले २ वर्षमा निर्माण र सम्पन्न भएका योजनापछि सिकाई उपलब्धिमा केहि बढेको प्रतिक्रिया ९० %शिक्षक दिनुभयो। यसप्रकार उपरोक्त तथ्याङ्कको आधारमा विद्यालयको मुल ध्येय विद्यार्थीमा अधिकतम सिकाइ उपलब्धि हासिल गर्ने गरी शैक्षिक वातावरण सृजना गर्नु हो। विद्यालयमा उपर्युक्त शैक्षिक वातावरण निर्माण गर्न भौतिक संरचना निर्माण गर्न आवश्यक छ। F.W.Taylor को बैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार "कामदारको परमपरागत कार्य शैलीलाई परिवर्तन गर्नु पर्छ, सरोकारवालालाई अधिकतम उपलब्धि हासिल हुने गरी परिचालन गनु पर्छ" भने झैं विद्यालयको योजना सम्पन्न गरी सिकाइ उपलब्धि हासिल गर्न प्र.अ., शिक्षक, वि.व्या.स. पदाधिकारी अधिभावक र विद्यार्थीको संलगनतामा सम्पन्न गरिएका भौतिक संरचना निर्माणले सिकाइ उपलब्धिमा क्रमशः सुधार हुने कुरा १००% वि.व्य.स. पदाधिकारी, ८३.४% प्र.अ.र ९०% शिक्षकले प्रतिक्रिया दिएको बाट पुष्टि हुन्छ।

### ४.२.३ सिकाई उपलब्धि वृद्धिमा शिक्षक र अभिभावकका समस्याको अध्ययन

विद्यालय एउटा सामाजिक संगठन हो। सामाजिक संगठनलाई सहि दिशा दिलाउन सामुहिक प्रयत्न आवश्यक पर्दछ। विद्यालयमा विशेष गरी भौतिक योजना, निर्माण, छनौट, लगानी कर्ताको खोजी र कार्यान्वयन गराउनु चरनौती पूर्ण काम हो। अध्ययनको क्रममा विद्यालयसंग सम्बन्धित सम्पूर्ण सरोकारवाला र लक्षित समुहले निम्नानुसारका समस्याहरु उल्लेख गरेका छन्।

अभिभावकका अनुसार छनौट गरिएका विद्यालयमा विद्यालयको चर्पी निर्माण तथा उपयोग गरिरहेका चर्पीहरुको मर्मत सम्भार, नयाँ फर्निचर निर्माण र पुरानाहरुको मर्मत सम्भार, फर्निचर निर्माण र पुरानाहरुको मर्मत सम्भार, विद्यार्थीको संख्या अनुसार फराकिलो कक्षाकोठा निर्माण र प्रयोग गरिरहेको कक्षा-कोठाहरुको उचित मर्मत सम्भारका कार्यक्रमहरु सम्बन्धि समस्याहरु देखिएका छन्। उक्त समस्याको समाधान गरेर शैक्षिक उपलब्धि वृद्ध

गर्न सकिन्छ । विद्यालयको विरिपरि फूलवारी निर्माण र उचित संरक्षणको व्यवस्था, विद्याथीहरुको लागि आवश्यक खेलमैदान सुधार, विद्यालयको संरक्षणको लागि पर्खाल, घेराबाराको निर्माण कार्यहरू पनि शैक्षिक उपलब्धि वृद्धसँग सम्बन्धित रहेको जानकारी शिक्षकहरूले दिएका छन् ।

कक्षा १ देखि ५ सम्म बालमैत्री पूर्ण कक्षा निर्माण, विद्याथीहरुलाई थप जानकारी दिनका लागि पुस्तकालयलाई सुधार गरिनु पर्ने, प्रभावकारी शिक्षणको लागि उचित मात्रामा स्थानीय शैक्षिक सामग्री संकलन र निर्माण, विद्यार्थी संख्याको चाप अनुसार थप खेलकुदका सामग्री खरीद, विद्यालयमा विद्यार्थी संख्या धेरै भएकोले थप कक्षा कोठा निर्माण, विद्याथीहरुको लागि शुद्ध खानेपानी उपलब्ध गराउन ट्याङ्की निर्माण, विद्यालयका विविध पक्षमा समुदायलाइृ सचेतना कार्यक्रम संचालन गरिनु पर्ने विद्यालय संचालन र उचित व्यवस्थापन गरिनु पर्ने समस्याहरुले पनि विद्यालयहरुमा शैक्षिक उपलब्धि वृद्ध हुने देखिन्छ ।

उपरोक्त समस्याहरु केकसरी समाधान गर्न सकिन्छ र उक्त समस्या समाधान गर्दा देखापर्ने समस्याका बारेमा प्रत्येक विद्यालयमा छलफल गर्दा वि.व्य.स. पदाधिकारी, प्र.अ.., अभिभावक, शिक्षक र विद्यार्थी समेतको सहभागितामा छलफल गर्दा ९५% सहभागीले आर्थिक समस्या रहेको बताउनु भयो भने बाँकीले मात्र अन्य समस्यालाई औंल्याउनु भएको थियो । अन्य समस्याहरुमा ठाँउ, सामग्री, स्रोत परिचालनमा समस्या औंल्याउनु भएको थियो । छनौट र कार्यान्वयनमा देखा परेका समस्यातर्फ केन्द्रीत रही बाहुनी स्रोतकेन्द्रका स्रोत शिक्षक, २-२ वटा उच्च मा.वि. का प्राचार्यसंग गरिएको अन्तरक्रियामा उहाँहरुले अन्य थप कारणहरुमा योजनाको आवश्यकताको पहिचान नहुनु, वि.व्य.स. र प्र.अ. सक्रिय नहुनु कतिपय विद्यालयहरुमा प्र.अ. र वि.व्य.स. पदाधिकारीबीच तालमेल नहुनु जस्ता समस्याहरु प्रस्तुत गर्नुभयो । यसैगरी उहाँहरुबाट पूरै सहयोग सरकार वा दातृ संस्थाले दियो भन्ने भावना हुनु, वि.व्य.स. पदाधिकारीहरुले योजनालाई राजनैतिक दृष्टिले हेर्नु र अभिभावक उदासिन बन्नु इत्यादि समस्याहरु विद्यालयमा पाइएको उल्लेख गर्नुभयो ।

### ४.२.४ अभिभावकको योजना कार्यान्वयको भूमिकाले सिकाई उपलब्धिमा पारेका प्रभाव

छनौटमा परेका विद्यालयहरूको योजना बनाउने र नबनाउने अधारमा सिकाई उपलब्धिको अवस्थामा गरिएको प्राथमिक तथ्याङ्क सङ्कलन र विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : योजना कार्यान्वयको भूमिकाले सिकाई उपलब्धिमा पारेका प्रभाव

| क्र.स | विवरण | प्रधानाध्यापक | | शिक्षक | | शि.अ.संघ | | औषत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | प्रतिशत |
| १. | सक्रिय सहभागिता | १ | १६.६% | २ | २०% | २ | २०% | १८.८ % |
| २. | सन्तोषजनक सहभागिता | ४ | ६६.४% | ६ | ६०% | ८ | ८०% | ६८.८% |
| ३. | न्यून सहभागिता | १ | १६.६% | २ | २०% | | | १२.४% |
| ४. | असहउोग | | | | | | | |
| | कुल संख्या | ६ | १००% | १० | १००% | १० | १००% | १००% |

स्रोत : शोध अनुसन्धान प्रश्नावली, २०७२

अभिभावक संघको योजना कार्यान्वयनमा भूमिका सम्बन्धमा प्र.अ., शिक्षक र शि.अ.सं. बाट प्राप्त प्रतिक्रिय अनुसार योजना बनाउने विद्यालयको ६८.८% र नबनाउने विद्यालयको १२.४% र १८.८% सिकाई उपलब्धिको पाइएको छ ।

### ४.२. ४ सिकाई उपलब्धिको प्रतिक्रिया

छनौटमा परेका विद्यालयहरूको सिकाई उपलब्धिको अवस्थामा गरिएको प्रश्नावली र अन्तरवार्ताका आधारमा तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

प्र.अ., शिक्षक, अभिभावक र शि.अ.सं ले भरेको प्रश्नावलीको आधारमा शि.अ.सं. पदाधिकारीको न्यून सहभागितामा १२.४% सहभागीको प्रतिक्रिया पाइयो भने १८.८% सहभागीले पदाधिकारीको उपस्थिति सक्रिय रहेको र ६८.८% सहभागीले शि.अ.सं. पदाधिकारीको सहभागिता सन्तोषजनक रहेको उल्लेख गरेका छन् । माथिको तालिकामा उल्लेख भए जस्तै २०% प्र.अ. ले, अभिभावक र शि.अ.सं.ले अत्यन्तै सहयोग गरेको, १०% प्र.अ. आफैंले मात्र गर्नुपरेको भर्ना न्यून रहेको प्रतिक्रिया दिएका थिए । प्र.अ. तथा शिक्षकसंगको ठुलो हिस्साले शि.अ.सं.ले योजना कार्यान्वयनमा सन्तोषजनक तवरले सहयोग गरेको बताएका थिए । हाल गठन भएको अभिभावक र शि.अ.सं. छनौट र कार्यन्वयनमा के कति सक्षम छ भनी प्रश्नावलीमा भराइ अनुसार ६ जना प्र.अ. मध्ये ४ जनाले अर्थात ६६.४% ले सक्षम भएको १ जनाले थप तालिमको अवसर दिलाउनु पर्ने र १६.६% प्र.अ. ले

सक्षम नभएको जवाफ दिनुभयो । त्यसैगरी १० जना शिक्षकमा ७ जनाले वि.व्य.स. सक्षम भएर काम गरिरहेको बतायनु भयो भने ८०% वि.व्य.स. पदाधिकारीले स-सना बिद्यालयस्तरका कार्यान्यनमा सहयोग गर्न सक्ने जानकारी दिनुभयो ।

सिकाई उपलब्धि वृद्धि गर्न मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तमा मानवको शारिरीक सुरक्षात्मक आवश्यता देखिएको छ । व्यक्ति सामाजिक संलगनता तथा सक्रियता बढाउने, सामाजिक सुविधा र कार्यप्रति उन्नमुख बनाउने कार्यमा अभिभावक र उनीहरुको प्रतिनिधित्व गर्ने शिक्षक अभिभावक संघको सन्तोषजनक सहभागिता रहेकोछ । प्र.अ. शिक्षक र शि.अ.सं. का पदाधिकारीको विश्लेषणबाट संगठन सफल बनाउन अभिभावकको भुमिका सन्तोषजनक रहेकोछ ।

### ४.२.५ योजनाले सिकाई उपलब्धिमा पारेको प्रभावको अध्ययन

शै.व. २०६९ र २०७० भित्र विद्यालयले सम्पन्न गरेका दुई ठूला भौतिक निर्माणका काम पछि विद्यालयको शैक्षिक उपलब्धिमा पारेको प्रभाव अध्ययन गरिएको छ । शै.व. २०६५ को वार्षिक परिक्षाको नतीजा र २०७० को वार्षिक वपरिक्षाको नतिजा विद्यार्थीको सिकाई उपलब्धिलाई आधार मानि तुलनात्मक अध्ययन गरिएको छ ।विद्यालयको प्रमुख काम नै शैक्षिक योजना निर्माण गर्नु र शिक्षकको शिक्षण सिकाई कार्य गर्नुहो । आफ्नो सेवा क्षेत्रमा रहेको विद्यालयमा भर्ना गरी स्तरीय शिक्षण सिकाइ गराएर सबै विद्यार्थीलाई उतीर्ण गराउने विद्यालयको उद्देश्य हुन्छ । विद्यार्थीहरुको सिकाईको स्तर राम्रो भयो भने मात्र उतीर्ण दर राम्रो हुन्छ ।

विद्यार्थीको सिकाइ उपलब्धिमाके कस्तो मापन भयो भनी विभिन्न परीक्षा र मूल्याङ्कनका कार्यक्रमहरु सञ्चालन गरिएको छ । विद्यार्थीले प्रप्त गरेको ज्ञान, सीप र अभिवृद्धि मापन गर्ने प्रमुख साधन शिक्षाको योजना हो । परिक्षामा प्राप्त गरेको अंकको आधारमा नै विद्यार्थीहरुको स्तरिस्करण गरिन्छ । विद्यार्थीले प्राप्त गरेको अंकको आधारमा उनीहरुको श्रेणी निर्धारण गरिन्छ । श्रेणी निधारर्ण गर्दा सामुदायिक विदालयहरुमा ४५% भन्दा कम - ३२% सम्म अंक ल्याउनेलाई तेस्रो श्रेणी, ४५% भन्दा माथि ६०% भन्दा कमलाई दोस्रो श्रेणी र ६०% भन्दा माथिलाई प्रथम श्रेणीमा राख्ने गरिन्छ ।

विद्यालयको शिक्षण सिकाई कार्यक्रम मार्फत विद्यार्थीको सिकाइ उपलब्धि हासिल गरेका हुन्छन् । सिकाइ उपलब्धि बढी प्राप्त भएमा मात्र विद्यालयको परिक्षाको नतिजा स्तरीय हुन्छ । विद्यालयको शैक्षिक उपलब्धि हासिल गराउन विद्यालयले विभिन्न आर्थिक , भौतिक, शैक्षिक, प्रशासनिक योजना बनाइ कार्यान्वयन समेत गर्ने गर्दछन् । सामाजिक परीक्षणवाट योजना पुरा भएका र आगमी वर्षमा पुरा गर्नु पर्ने योजना छुट्याउने गरिएको छ ।

## ४.३ सामाजिक परीक्षण निर्माण र कार्यान्वयनका समस्याहरू

जिल्ला शिक्षा कार्यालयवाट निकासा लिन, शैक्षिक गुणस्तर उकास्न, भौतिक, आर्थिक क्षेत्रमा सुधार गर्न, शैक्षिक योजना बनाउँन र सरोकारवालाहरूको विश्वास जित्न विद्यालयहरूले सामाजिक परीक्षण गराएको तथ्य सर्वेक्षणवाट पाइएको छ । सामाजिक परीक्षणको निर्माण र कार्यान्वयनका सहज र असहज अवस्थाहरू रहेका छन् । त्यसैले सामाजिक परीक्षणको निर्माण र कार्यान्वयनका समस्याहरू छनौट गरिएका विद्यालयहरूका सरोकारवालावाट सूचना सङ्कलन गर्दा निम्न समस्या देखएाका छन् ।

### ४.३.१ सामाजिक परीक्षण समिति निर्माणका समस्याहरू

बाहुनी स्रोतकेन्द्रका छनौट गरिएका विद्यालयहरुले सामाजिक परिक्षण गराउन सामाजिक परीक्षण समिति वा लेखा परीक्षण समिति गठन गर्दा आइपर्ने समस्याहरुका सम्बन्धमा निम्नानुसार तथ्यहरु प्राप्त भएको छ ।

प्राचार्य तथा प्रधानाध्यापकका अनुसार

> सामाजिक परिक्षण ऐन तथा नियम अनुसार सम्पन्न गर्न प्रत्येक विद्यालयमा एक आर्थिक वर्षको विद्यालयमा भएका गतिविधि तथा सूचकहरु अनुसार एउटा सामाजिक परिक्षण समिति बनाउनु पर्दछ । नियम अनुसार सामाजिक परिक्षण गर्न सिप र दक्षताको अभावले कठिन भएको छ । आर्थिक पारदर्सिता गराउन नसकिएला भन्ने मनोविज्ञानले समितिमा बस्न रुचाउदैंनन् । समयको अभाव देखाउदैं निर्धारित समयमा लेखा परीक्षण नगरिदिँदा प्रतिवेदन सार्वजनिक गर्न ढलिाइ । यस्ता समस्याले जिल्ला शिक्षा कार्यलयबाट प्राप्त हुने तलब भत्ता र अनुदानमा समेत समस्या हुने गरेको छ ।

शिक्षक, अभिभावक र विद्यार्थीका अनुसार

> सामाजिक परिक्षणले विद्यालयलाई अगाडि बढाउने हुँदा सामाजिक परिक्षण प्रतिवेदन सम्बन्धि अन्तरक्रिया नहुँदा सामाजिक परिक्षणमा सहभागिताको समस्या रहेको छ । त्यसैले शिक्षक अभिभावक संघ सक्रिय नहुँदा व्यवहारिक कठिनाइ देखिएको छ ।

जिल्ला शिक्षा कार्यलयको निर्देशिका अनुसार प्रत्येक विद्यालयले भदौ १५ भित्रमा सामाजिक परिक्षण गराई सक्नुपर्ने व्यवस्था अनुसार इच्छा शक्तिको कमिले र समय अभावका कारणले यस्ता समस्याहरु आउने गरेको छ ।

**४.३ .२ सामाजिक परीक्षणमा सहभागिता गराउन उपस्थितिको समस्याहरू**

बाहुनीस्रोतकेन्द्रका छनोट गरिएका विद्यालयहरुले सामाजिक परीक्षण गराउन सामाजिक परीक्षण समिति वा लेखा परीक्षण समिति गठन र सहभागितामा आइपर्ने समस्याहरुका सम्बन्धमा निम्नानुसार तथ्यहरु प्राप्त भएको छ ।

श्री काली उच्च मा. वि.का प्राचार्यका अनुसार

> विद्यालयको आर्थिक भौतिक र शैक्षिक तथ्याङ्क राख्ने विद्यालय प्रशासक नियमित विद्यालयमा उपस्थित नहुँदा शिक्षक अभिभावक संघलाई बारम्बार विद्यालय आउने जाने समस्या भएको बताएका छन् । त्यस्तै समय अभावले प्रशासक हतारिने हुँदा सबै प्रकारका विवरणहरु सवमाजिक परीक्षणका सूचकहरु अनुसार हेर्न कठिनाइ भएको हुन्छ । महिला सदस्य घरको समस्याहरु देखाएर अनुपस्थित हुने समस्या रहेको छ । सहभागिताका लागि नियममा व्यवस्था भएकोले प्रतिवेदन सार्वजनिक गर्दा नबुझेका व्यक्तिबाट अनावश्यक तर्क झिकेर आरोप लगाउने गर्दछन् ।

सहभागिताको सिद्धान्त अनुसार समानुपातिक र समावेशी व्यक्तिहरुको सहभागिता हुन् आवश्यक देखिएको छ । सरोकारवालाहरुलाई सामाजिक परीक्षण सम्बन्धमा  सहमति, सहकार्य र अन्तरक्रियाको प्रबन्ध  मिलाउनु पर्दछ ।

### ४.३ .३ सामाजिक परीक्षणका प्रतिवेदन अनुसार आर्थिक अभिलेख राख्न र योजना बनाउन समस्याहरू

बाहुनी स्रोतकेन्द्र अन्तरगतका छनौट गरिएका विद्यालयहरुले सामाजिक परीक्षण गराउन सामाजिक परीक्षण समिति वा लेखा परीक्षण समिति निर्माण गरि आर्थिक अभिलेख राख्न र योजना बनाउन आइपर्ने समस्याहरुका सम्बन्धमा निम्नानुसार तथ्यहरु प्राप्त भएको छ ।

सरोकारवालाहरुले सामाजिक परीक्षणलाई विभिन्न सूचकका आधारमा सामाजिक परीक्षण समितिवाट परीक्षण गराएको पाईन्छ । विद्यालयमा आर्थिक कारोवर नियमित रुपमा भइरहन्छन् । त्यसता र आर्थिक अभिलेख राख्न र योजना बनाउन समस्याहरूआधुनिक प्रविधि विद्यालयमा ल्याउन सकको छैन । आर्थिक अभिलेख राख्न र योजना बनाउन मितव्ययिता, औचित्यता, नियमितता, कार्यदक्षता र प्रभावकारिताका समस्याहरु रहेका छन् ।

### ४.३.४ सामाजिक परीक्षण कार्यान्वयनका समस्याहरू

सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा के कस्ता समस्याहरु छन् भनि शिक्षक, प्राचार्य र शिक्षक अभिभावकसँग अनुसूची १, २ र ३ संलग्न प्रश्न माथि अन्तरक्रिया गर्दा निम्न तथ्यहरु संकल्न गरिएको छ ।

तालिका ९ : सामाजिक परीक्षण कार्यान्वयनका समस्याहरू

| क्र.स. | समस्याहरु | अभिभावक | शि.अ. संघ | प्र.अ. | शिक्षक | सोत व्यक्ति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जानकारीको अभाव | ७ | ६ | ७ | ६ | १ | २७ | ६५% |
| २ | दक्ष जनशक्तिको अभाव | १ | २ | २ | ४ | | ९ | २२% |
| ३ | समयको अभाव | १ | १ | | | | २ | ५% |
| ४ | प्रोत्साहनको कमी | १ | १ | १ | | | ३ | ८% |
| | जम्मा | १० | १० | १० | १० | १ | ४१ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

माथिको तलिकाबाट सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरुमा ६५% सरोकारवालाहरुले जानकारीको अभाव बताएका छन् । सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरुमा २२% सरोकारवालाहरुले दक्ष जनशक्तिको अभाव बताएका छन् । सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरुमा ५% सरोकारवालाहरुले समयको अभाव बताएका छन् । सामाजिक परीक्षण प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरुमा ८% सरोकारवालाहरुले प्रोत्साहनको कमि बताएका छन् ।

## ४.४ सामाजिक परीक्षणमा शिक्षक अभिभावक संघको भूमिका वृद्धि गर्ने उपायहरु

छनौट र कार्यान्वयनमा विद्यालय व्यवस्थापन सकितिको सहभागिता सुदृढ गर्ने उपायका सम्बन्धमा लक्षित समूह छलफल, अन्तरवार्ता र प्रश्नावली समेतबाट वि.व्य.स. र अभिभावक अध्यक्ष, प्र.अ., शिक्षकबाट निम्ननुसारका प्रतिक्रिया उल्लेख गरेका छन् ।

विद्यालयका प्रधानाध्यापकहरुबाट विद्यालयमा TeamWork बढाउनु पर्ने, शिक्षँकमा तलब पकाउने मात्र ध्यान नदिएर शिक्षण र विद्यालयको अन्य गतिविधिमा सक्रियताका साथ लागिपर्नु पर्ने, समुदायले लगानी गर्नमा विशेष ध्यान दिनुपर्ने, वि.व्य.स. पदाधिकारी विरोधका लागि विरोध गर्ने मानसिकतालाई परिवर्तन गरी विद्यालयमा राजनैतिक गन्ध पर्न दिन नहुने जस्ता सुझावहरु प्रापित भएका छन् । यसैगरी अनुपर्युक्त निर्णय गर्न वि.व्य.स. मा दवाव नदिनु, वि.व्य.स. पदाधिकारीलाई तालिम, गोष्ठीमा सहभागी गराउनु र अभिभावकमा चेतना जगाउने चेतनामूलक कार्यक्रम समावेश गरिनुपर्ने सुझान दिनुभयो सक्षम प्रशासन बनाउनु, पारदशर्ही काम गर्नु, अभिभावकलाई सचेत बनाउनु, अभिभावकलाई औपचारिकता पूरा गर्न मात्र बोलाउने प्रवृत्ति हटाएर सबै काममा सहभागी गराउनु, समस्या पर्दामात्र सबैसंग सर-सल्लाह थाल्ने प्रवृत्ति हटाउनु जस्ता सुझाव वि.व्य.स. पदाधिकारीहरुबाट पाइएको छ ।

यसैगरी शिक्षकहरुबाट प्राप्त सुझावहरुमा योजना निर्माणमा सबैले सक्षमता देखाइ सक्रिय बन्नुपर्ने, अभिभावकलाई शैषिक गणस्तर वृद्धि गर्न लाग्ने लागत तिर्ने वातावरण तयार गर्नु र संगठनमा PODC अर्थात Planning, organizing, Directing and Controlling को प्रभावकारी उपयोग गरिनु पर्ने जस्ता सुझावहरु दिनु भएको छ । यस

प्रकार शिक्षक, प्र.अ., वि.व्य.स. र अभिभावक पदाधिकारी समेत सबैले योजना निर्माण, छनौट, कार्यान्वयनमा समस्याहरु विद्यमान रहेको जानकारी खुल्ला प्रश्नावलीमा उल्लेख गरेका छन । गर्नु कठिन कार्य हो । यति हुँदाहुँदै पनि विद्यालय आफैंले केहि न केहि योजना तर्जुमा गर्नुपर्ने हुन्छ । एक अर्कामा सिक्दै, सिकाउँदै भएका कमजोरी हटाउँदैं योजनालाई कार्यान्वयन गराउनु सबै सरोकारवालाहरुको सामुहिक दायित्व हुन्छ ।

शैक्षिक संस्थाहरुमा माथि प्राप्त उल्लेखित समस्याका अलावा लक्ष्य उद्देश्य निर्धारण, योजना बनाउने, शैक्षिक कार्यक्रम बजाउने, भौतिक स्रोत र साधनको उचित परिचालनमा समस्या देखा पर्ने गर्दछन् । विद्यालय स्तरमा देखा परेका समस्याका निराकरण यससंग सरोकार राख्नेहरु कै जिम्मेवारी हुन जान्छ । शैक्षिक दायित्व पुरा गर्ने सरकार र यसका विभिन्न अंगहरु बीच समन्वयात्मक ढंगले परिचालन गरी विद्यालयका समस्याहरु सामाधान गर्न सकिन्छ । यसका साथै विद्यालयका प्रशासक, शिक्षक र विद्यार्थीको पनि इमान्दारितापूर्ण सहयोगबाट शैशिक क्षेत्रको समस्या गर्न सकिने १००% अभिभावक , प्र.अ. र वि.व्य.स. पदाधिकारीको प्रतिक्रियाका आधारमा उल्लेख गर्न सकिन्छ ।

विद्यालयका समाजको एक अभिन्न अंग भएकोले विद्यालयको समस्या समाधानको लगि अभिभावक र अभिभावकको प्रतिनिधित्व गर्ने विद्यालय व्यवस्थापन समितिको सक्रिय सहभागिता रहन्छ ।   शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयनमा सबै अभिभावक, स्रोतव्यक्तिको, विद्यार्थी परिचालन गर्दै सहभागित बढाउनु आवश्यक देखिएको छ । सामाजिक परीक्षण सावजनिक गाराउन थालेपछि विद्यालयको लब्धाङ्क पुस्तिकाको अध्ययनबाट भौतिक योजना शुरु हुदाँको र सम्पन्न भएपछिको २ वर्षको परीक्षाको नतीजा विश्लेषणले विद्यार्थीको सिकाई उपलब्धि १.४३% ले बढेको पाइयो ।

## ४.५ प्राप्तिहरु

यो अध्ययन सामुदायिक विद्यालयमा शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयनमा सबै अभिभावक, स्रोतव्यक्तिको, विद्यार्थी परिचालन्क अभिभावक र व्यवस्थापन समितिको भूमिकाको अनुसन्धानसँग सम्बन्धित छ । अध्ययनको क्रममा शोधकर्ता आफैं नमूना छनौट भएका सबै विद्यालयमा गई विद्यालयका। शिक्षक अभिभावक संघ, वि.व्य.स. पदाधिकारी, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीसंग भेटघाट, छलफल, अन्तरक्रिया, अर्न्तवार्ता तथा प्रश्नावली भराइएको थियो । विद्यालयहरुमा शैक्षिक

वर्ष २०६९ र २०७० मा सुधार तर्फका २/२ योजनाको सुक्ष्म अध्ययन गरिएको थियो भने अघि र पछिको परिक्षाको प्राप्ताङ्कको गणना र विश्लेषण गरिएको थियो । उल्लेखित विभिन्न तरिकाहरुबाट गरिएको अध्ययन विश्लेषणको आधारमा प्राप्त भएका मुख्य प्राप्तिहरुमा शिक्षा विकेन्द्रीकरण सिद्धान्त अनुसार स्थानीय स्तरमा आवश्यकता पहिचान गरी र छनौट सफलतापूर्वक सम्पन्न गर्न विद्यालयका सरोकारवाला अभिभावक, शिक्षक, वि.व्य.स.का पदाधिकारी र  शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयनमा सकारात्मक भावना रहेको र यसको निर्माण र कार्यान्वयनमा सबैले आवश्यकताका सम्बन्धमा गहन विचार व्यक्त गरिएको छ । शिक्षक अभिभावक संघले सहभागि भएर, प्राथमिकीकरण र कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्न सक्ने विचार रहेको छ ।

अभिभावक र शिक्षक पदाधिकारीको सक्रिय भूमिका रहेको ८०% पदाधिकारीले बताएकोले चासो को विषयको रुपमा रहेको र कार्यान्वयनमा प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरु, स्थानीय बुद्धिजीवी, अभिभावकहरुको संलग्नता रहेको पाइयो । यसैगरी सामाजिक परिक्षण कार्यान्वयनमा प्र.अ. शिक्षक, अभिभावक र शिक्षक अभिभावक संध सबै सकारात्मक रहेको पाइयो । विद्यालयको वर्तमान अवस्थामा सुधार गर्न, विद्यमान समस्याको हल गर्न, विद्यालयको भौतिक तथा आर्थिक स्रोत जुटाउन तथा शिक्षाको गुणस्तरमा वृद्धि गरी सिकाई उपलब्धि धेरै हासिल गराउन समेत स्थानीय स्तरमा अभिभावक सक्रिय रहेको पाइयो । योजना कार्यान्वयनको सक्रिय सहभागिता रहन आवश्यक छ भन्ने प्रतिक्रिया सबै सरोकारवालाहरुबाट आएको छ ।

स्थानीय स्तरमा अभिभावक र शिक्षकको प्रत्यक्ष सहभागितामा कमी, आर्थिक साधन र स्रोत को कमी, अभिभावकमा सचेतनाको कमी र सबै सरकारको आशा गरेको पाइयोको छ । अभिभावकमा स्थानीय साधन स्रोत परिचालनमा समस्याहरु रहेका छन् । शिक्षक अभिभावक संघको सहभागितामा स्थानीय तवरमा सम्पन्न गरिएका कारणले शैषिक वातावरण राम्रो हुन सहयोग गरेको ८३.४% प्र.अ.हरुले विचार व्यक्त गरेको पाइयो । यसका साथै चर्पी, खानेपानी, फर्निचर, कक्षाकोठा, खेलमैदान, पुस्तकालय, शैक्षिक सामग्री संकलन र निर्माण, बालमैत्री पूर्ण कक्षा निर्माण, घेराबारा जस्ता अति आवश्यकीय पक्षमा सुधार र व्यवस्था गर्नुपर्ने सबै विद्यालयको  साझा समस्याको रुपमा देखियो ।

शिक्षक अभिभावक संघको सहभागितामा भइरहेको कामको निरीक्षणमा विद्यालयमा भएको पाइयो । विद्यालय स्तरमा निर्माण हुने योजनाका छनौटमा निर्माण र त्यसको कायाृन्वयनमा सक्रिय संलग्नताले यसको सहज कार्यान्वयन हुनुका साथै उनीहरुको सहभागिताल आर्थिक पारदर्शिता समेत हुने गरेका पइयो । विद्यालय र अभिभावकको समबन्ध नजिक हुन सहयोग गरेको प्राचार्य, स्रोत शिक्षक र वि.व्य.स. अध्यक्षको राय रहेको छ । वि.व्य.स. पदाधिकारीहरु राजनैतिक आधारबाट छनौट भएका विद्यालयहरुमा शिक्षक अभिभावक संघको सहभागिताका विषयमा कतिपय योजनाका विविध पक्षलाई राजनैतिक आँखा हेरेर व्याख्या विश्लेषण गरेको पाइयो । तापनि बहुमत पदाधिकारीहरु विद्यालयमा राजनैतिक विचार नराख्न उपयुक्त भएको विचार व्यक्त गर्नुभएको छ ।

विद्यालयको लब्धाङ्क पुस्तिकाको अध्ययनबाट भौतिक योजना शुरु हुदाँको र सम्पन्न भएपछिको २ वर्षको परीक्षाको नतीजा विश्लेषणले विद्यार्थीको सिकाई उपलब्धि १.४३% ले बढेको पाइयो । विद्यालयमा योजनाको काम सम्पन्न गर्न प्र.अ. लाई धेरै समस्याहरु आउने गरेका छन् । ती समस्याहरुलाई समाधान गर्न यस अध्ययनबाट आर्थिक स्रोत जुटाउन सरकारी, गैर सरकारी संघ संस्थामा सम्पर्क बढाइ प्रस्तावना पेश गर्ने र समय समयमा अभिभावक र शिक्षक, अभिभावक बसेर बारेमा छलफल गर्ने जस्ता सुझावहरु शिक्षकहरुको प्रश्नावलीबाट पाइयो । यसैगरी अभिभावक मा भन्दा पनि कार्यान्वयनमा अझ ठूलो सहयोग गर्न सक्छ । कार्यान्वयनमा गाह्रो भयो भनेर मात्र सहयोग माग्दा असहज हुने भएकोले छनौटमै अभिभावकका समपूर्ण पदाधिकारीहरु बसी छलफल गर्नु सान्दर्भिक देखियो । वि.व्य.स. को बैठकमा समिति पदाधिकारीको उपस्थिति सन्तोषजनक पाइयो । तुलनात्मक रुपमा महिला सदस्य कम उपस्थित दर (६५.८%) र विद्यालयका प्र.अ.को उपस्थित दर ( ९८.९७%) रहेको पाइयो । ८०% अभिभावकको संलग्नता अभिभावकको रहेको वि.व्य.स. मा २०% मात्र शिक्षक र प्र.अ. को संलग्नता रहने गरेको छ, तर मा प्र.अ. को मुख्य भूमिका रहेको अन्य पदाधिकारी स्वीकार्छन् भन्ने कार्यान्वयनमा आफूहरु सहयोग गर्न तयार रहेको अधिकांश अभिभावकको राय पाइएको छ । वि.व्य.स.ले विद्यालयको शैक्षिक सामग्री संकलन र खरीद गर्न आवश्यकीय रकम निर्णय शैक्षिक उपलब्धि बढाउन उत्प्रेरित गरेको पाइयो । वि.व्य.स.ले गरेका जम्मा निर्णय मध्ये २२.२% शैक्षिक निर्णय गरी कार्यान्वयनमा सहयोग गरेर विद्यालयको शैक्षिक वातावरणमा सहयोग गरेको पाइयो ।

# परिच्छेदपाँचः निष्कर्ष र सुझाव

सामुदायिक विद्यालयहरुमा शिक्षक अभिभावक संघको भूमिका हेर्न गरिएको यस अध्ययनको क्रममा भएका प्राप्तिहरु र त्यसबाट निस्किएका निष्कर्ष तथा समस्याहरुको समाधानका सुझावहरु निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१निष्कर्ष

विकेन्द्रीकरणको सिद्धान्त अनुरुप स्थानीय स्तरमा तयार, छनौट र लागू गरिने योजनामा शिक्षक अभिभावक संघको सहभागिता प्रति प्र.अ., अभिभावक, वि.व्य.स. पदाधिकारी, शिक्षक सबै सरोकारवालाको सकारात्मक धारण रहेकोछ । शिक्षक अभिभावक संघको सहभागितामा विद्यालयले उचित गति लिई सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका रहेकोछ । शिक्षक प्रतिनिधिहरु, प्र.अ.हरु, अभिभावक र शिक्षक अन्य पदाधिकारीले अभिभावकको परिचालन गरी योजना कार्यान्वयनमा उल्लेख्य भूमिका निभाएका छन् । शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयनमा सबै अभिभावक, स्रोतव्यक्तिको, विद्यार्थी परिचालन हुन सकेको छैन । अभिभावकमा संकलन प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी र अभिभावकहरुको समस्याको पहिचान गर्न प्राथमिकता निर्धारण गर्न, योजनालाई सहभागितामूलक ढंगले कार्यान्वयन गर्न र प्रभावकारी अनुगमन र निरीक्षणको व्यवस्थापन गर्न अझै सशक्त र प्रभावकारी पाइला चाल्न सकेका छैनन् ।

विद्यालयले बनाएका कतिपय योजना महत्वकाक्षी छन्, कार्यान्वयन गर्न ठूला दातृ संस्थाको अपेक्षा राखिएका छन् । विद्यालयमा उल्लेख्य सहयोग गर्ने अभिभावकलाई थप हौसला स्वरुप पुरस्कार दिने पाइएता पनि त्यसले अभिभावकलाई थप प्रेरणा जगाउने अवस्था नभएको पाइयो । विद्यालयले अभिभावकलाई कम चासो दिने, समस्या पर्दा बोलाउने, केवल औपचारिकताको लागि मात्र बोलाउने गरेकोले अभिभावकको चासो कम हुने गरेको पाइयो ।

सम्पन्न हुँदा पनि सिकाइ उपलब्धिमा आशातित प्रगति हुन नसकेको पाइयो । कार्यान्वयनले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव कम देखिएता पनि यसले शैक्षिक

वातावरण असल बनाउने छ । कार्यान्वयन गर्न अभिभावक र शिक्षक को क्षमता अभिवृद्धि गर्न समय समयमा तालिमको व्यवस्था भएपनि यो तुलनात्मक रुपमा कमि छ ।

उल्लेखित निष्कर्षहरुबाट के भन्न सकिन्छ भने अझैपनि सामुदायिक विद्यालयहरुमा पठनपाठनको लागि उचित प्रबन्ध हुन सकेको छैन । अभिभावक र शिक्षक पदाधिकारीहरुमा, प्राथमिकीकरण, सही दिशामा कार्यान्वयनको लागि आवश्यक पर्ने दक्षताको कमी छ । यसलाई मध्यनजर गर्दै आवश्यक कदम चाल्न शिक्षक अभिभावक संघको सहभागितामा अनिवार्य रहेको छ ।

## ५.२ सुझावहरु

यस अध्ययनको शिलशिलामा पाइएको मुख्य प्राप्तिहरु शिक्षक अभिभावक संघको सहभागिता र सामाजिक परीक्षण भएको विश्लेषण तथा निष्कर्षका रहेको छ । शिक्षक अभिभावक संघको सहभागितामा विद्यालयहरुलई गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रको रुपमा विकास गर्न स्थानीय तवरमा भौतिक, आर्थिक, शैक्षिक र मनोवैज्ञानिक पक्षका योजनाहरु प्राथमिकीकरण गर्दै प्रभावकारी रुपमा विद्यालयको सर्वाङ्गिण विकासको लागि चालिने हरेक कदम विद्यालय सरस्वतिको मन्दिर हो भन्ने भावनाले पूरा भएको छ । यसबाट विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय कार्य सफलता पूर्वक गरेको देखिएका छ । तसर्थ सामुदायिक विद्यालयहरुलाई शिक्षक अभिभावक संघको सहभागितामा गराउँने सम्बन्धमा देहायका सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

सरोकारवालालाई विद्यालयाको सम्पूर्ण गतिविमा संलग्न हुन झमता अभिवृद्धि सम्बन्धमा तालिम उपलव्ध गराउन सहयोगि देखिएको छ ।अभिभावकवाट समेत वि.व्य.स. पदाधिकारी र शिक्षक छनौटमा सरोकारवाला समेतलाई सहयोगी रहेको छ । कार्यान्वयन तहमा रहेका सहभागिताप्रति अभिभावकको गुनासो कम गरेको छ । शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन गर्ने र सहयोग स्वेच्छिक सहयोगमा अप्रत्यक्ष रुपमा फाइदा गर्दछ । प्रत्यक्ष फइदा नहुने काममा समुदायको चासो बढाउन , व्यवहारिक रुपमा समय विद्यालयमा निकालेर सहभागिता बढाउन चाहने जोकोहिलाई नीति बनाउन सहयोग पुग्ने देखिएको छ । तसर्थ, विद्यालयको असल प्रशासकको हैसियतले समय-

समयमा शिक्षक, वि.व्य.स. पदाधिकारी, अभिभावकवीच जमघट भई आ-आफ्ना विचार राख्ने अवसर दिनर अभिभावकका अनुकरणीय विचारको अनुशरण गर्ने समेत उपयोगी रहेको छ। अभिभावक परिचालन , अभिभावक प्रतिनिधि चयन गर्ने सीप, क्षमता र योग्यता विकस गर्न सकिन्छ।

## ५.३.२ अभ्यास तह

विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरु सबैको सामुहिक प्रयत्नबाट मात्र शिक्षक अभिभावक संघको सहभागितामा सामाजिक परीक्षण र कार्यान्वयन सम्भव रहेको छ। विद्यालयसंग सरोकारवाला सबैको काममा सहभागिताको मूल्याङ्कन गरी उपयुक्त समयमा उचित तवरले परिचालनको व्यवस्था मिलाउनु चाहाने सरोकारवालालाई यो अनुसन्धान कार्यले सहयोग गर्दछ। वि.व्य.स.को सहभागितासंगै राजनैतिक अवधारण भित्रन सक्ने कुराप्रति प्रशासक चनाखो रहनु पर्दछ। योजनाको कार्यान्वयनमा राजनैतिक भावनाले वाधा पुप्याउने भएकोले यसतर्फ सबैको ध्यान पुप्याउन शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन बारे उपयुक्त छलफल र स्वः विकेकको उपयोगमा जोड दिनु यो अनुसन्धान उपयोगि रहेको छ। विद्यालयमा गठित वि.व्य.स. पदाधिकारीहरुमा दक्ष क्षमता र तालिम र योजनाको छनौट र त्यसको कार्यान्वयनमा प्रशासकलाई यो अनुसन्धानवाट फाइदा पुग्ने देखिन्छ।

शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन गर्दा विद्यालयमा आर्थिक, भौतिक, प्रशासकि, शैक्षिक योजनाको प्रतिफल राम्रो बनाउन र शैक्षिक उपलब्धि वृद्धि गर्न, योजनाको सफल कार्यन्वयनले सिकाइ उपलब्धिमा सुधार ल्याउन आधार तयार गर्दछ। तसर्थ, विद्यार्थीको सिकाइ उपलब्धिमा अधिक कायम गर्न सबै खाले र उपयुक्र तरीकाले सहभागितामूलक ढंगले सम्मन्न गर्न सीपको विकास प्र.अ.ले गर्नुपर्दछ। शैक्षिक उपलब्धि बृद्धि गर्न योजनाबद्ध कामको साथसाथै असल, असल, लगनशील, तालिम प्राप्त शिक्षक, अनुकरणीय प्रशासन, ठीक आकारको कक्षा र उपयुक्त सामाजिक वातावरण निर्माण र व्यवस्थागर्न वि.व्य.स.को ध्यान जान जरुरी देखिन्छ। यो कार्यमा समेत यो उपयोगि छ। विद्यालयमा पाइएका समस्याहरु समाधान गन, आर्थिक संकलन गर्न, वचन र कर्मले सबै सरोकारवाला र शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन गराउन चाहाने प्राचार्यहरु र माथिल्लो निकायका व्यक्ति समेतले लेखा परीक्षण

गरायन सहयोगि रहेको छ। व्यवस्थापन तहमा रहनेहरुलाई व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्दै विद्यालयका अभिभावकहरुमा सचेतना अभिवृद्धि गर्ने र विद्यालयलाई एउटा स्वच्छ, प्रज्ञिक थलोको रुपमा विकास गर्न सकिन्छ।असल सहयोगी व्यक्ति विद्यालयका गहना हुन्। विद्यालयको, छनौट, कार्यान्वयनमा उल्लेखनीय सहयोगी गर्ने वि.व्य.स. पदाधिकारी, शिक्षक, प्र.अ. र अभिभावकलाई विद्यालय, स्रोत र जिल्लाले छनौट गरी उचित पुरस्कार वितरण हुँदा आगामी दिनमा समेत सरोकारवालाको विद्यालयप्रति चासो बढाउन सकिन्छ।

### ५.३.३ अनुसन्धान तह

विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरु , शिक्षक अभिभावक संघ, वि.व्य.स.का पदाधिकारी, वुद्धिजिवि र अनुसन्धानकर्ताहरुलाई शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन सम्बन्धि विषयमा सहयोगि हुने आशा गरिएको छ।

प्रभावकारी संचार व्यवस्था कायम गरी विद्यालयको गतिविधिमा शिक्षक अभिभावक संघको सहभागितामा सामाजिन परीक्षण र कार्यान्वयन गराउने।

विद्यालयका सरोकारवालाहरु बिच विभिन्न विषयमा देखा परेका द्वन्दलाई समयमै समाधान गर्ने।

विद्यालयलाई विभिन्न किसिमका राजनितिक चलखेलबाट मुक्त राख्नु पर्ने।

शि.अ.सघंको नियमित बैठक बस्ने र सो बैठकमा आवश्यक सुझावहरु आदनप्रदान गर्ने।

विभिन्न पक्ष जस्तै अभिभावक, शिक्षक, विद्यार्थीहरुसँग छुट्टा छुट्टै भेटी उनीहरुको जिज्ञासा र सुझावहरु संकल्न गर्ने।

# सन्दर्भ सूची


काफ्ले, वासुदेव,श्रेष्ठ,चन्द्रबहादुर, र सिन्हा, रामस्वरूप(२०६२), *शैक्षिक प्रशासनर सुपरिवेक्षण,* भोटाहिटी, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

निरौला, सुभाष (२०६२/०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* ताहचल काठमाण्डौं : महेन्द्ररत्न क्याम्पस ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६३), *विद्यालय शिक्षा सम्बन्धी सूचना संगालो,* सानोठिमी, भक्तपुर : पुडासैनी, पविता मुडभरी ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०५९) ,दशौं पञ्चबर्षीय योजना (२०५९–२०६४),काठमाण्डौं ।

पौडेल, लेखनाथ (२०५३), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* आठराई प्रकाशन, पुतलीसडक, काठमाडौं ।

पौडेल, हेमराज(२०६३), *शिक्षा ऐन आठौं संसोधन,* डिल्लीवजार, काठमाण्डौ : मकालु प्रकासन गृह ।

शर्मा,चिरञ्जीवी र शर्मा,निर्मला (२०५६), *शिक्षाको दर्शनशास्त्रीय आधार,* भोटाहिटी, काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स् ।

शर्मा एण्ड शर्मा,(२०६५), *शिक्षाको परिचय,* काठमाडौं : एम.के. पब्लियर्स एण्ड डिष्ट्रिब्यूटर्स भोटाहिटी, ।